# लिम्चुङबुङको सेरोफेरो

## स्थानीय पाठ्यक्रमः आधारभूत तह (कक्षा ६–८)

२०८०


**लिम्चुङबुङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**शिक्षा, युवा तथा खेलकुद शाखा**

**उदयपुर,कोशी प्रदेश, नेपाल**

**प्रमुख संरक्षक:**
श्री मेजर कुमार राई, गाउँपालिका अध्यक्ष

**संरक्षक:**
श्री पुष्पलाल राई, गाउँपालिका उपाध्यक्ष

**सल्लाहकार:**
श्री योगेन्द्रराज गुरूङ, प्रमुख प्रशासकीय अधिकृत
श्री जितेन राई, सामाजिक विकास समिति संयोजक
श्री युवराज वली, प्रशासकीय अधिकृत
श्री विनोद राई, शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

**प्राविधिक सहयोग:**
युवराज अधिकारी, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर

**पाठ्यक्रम निर्माण कार्यदल:**

| | |
|---|---|
| श्री बिश्वराम राई | : संयोजक |
| श्री शिबराम राई | : सदस्य |
| श्री लिला राई | : सदस्य |
| श्री लाल बहादुर वि.क. | : सदस्य |
| श्री युवराज खत्री | : सदस्य |
| श्री चन्द्र कुमार राई | : सदस्य |

**विशेष सहयोगी:**
श्री भुपेन्द्र कार्की
श्री रूपा राई


| | |
|---|---|
| प्रकाशक | : लिम्चुङबुङ गाउँपालिका<br>उदयपुर, कोशी प्रदेश, नेपाल |
| © सर्वाधिकार | : प्रकाशकमा |
| स्वीकृत मिति | : २०८०/०२/२६ बैठकबाट स्वीकृत |
| प्रकाशन वर्ष | : २०८० |
| मुद्रण प्रति | : ३०० |
| सेटिङ | : एच्के किरात |
| मुद्रक | : लक्ष्मी अफसेट प्रेस गाईघाट, उदयपुर |



लिम्चुङबुङ गाउँपालिकाको लिखित स्वकृति बिना ब्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेरा प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य तरिकाले रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

# शुभकामना



परिवर्तित राजनैतिक एवं प्रशासनिक परिवर्तन अनुसार सङ्घीय संरचना अन्तर्गत अभिभावक, स्थानीय विज्ञ, शिक्षक तथा अन्य सरोकारवालाहरुको सहभागितामा स्थानीय पाठ्यक्रमको विकास गर्ने सम्पूर्ण जिम्मेवारी स्थानीय सरकारहरुलाई हस्तान्तरण गरिएको छ ।

यसै सन्दर्भमा लिम्चुङबुङ गाउँपालिकाका आधारभूत तहका विद्यालहरुमा अध्ययनरत बालबालिकाहरुको ज्ञान, सीप र क्षमताको अभिवृद्धि गर्दै स्थानीय सम्भावनाहरुको बारेमा जानकारी साथै स्थानीय सामाजिक, आर्थिक अवस्थाको आधारभूत तहबाटै स्थानीयकरण गर्ने ध्येयले लिम्चुङबुङ गाउँपालिकाले स्थानीय पाठ्यक्रम (६-८) निर्माण गरेको छ ।

शिक्षालाई व्यवहारिक र जीविकोपार्जनसँग जोड्न, स्थानीय आवशयकताको पहिचान र संरक्षण गर्ने मूल उद्देश्यका साथ लिम्चुङबुङ गाउँपालिका भित्रका शैक्षिक, बौद्धिक तथा सरोकारवालाहरुसँग रचनात्मक र सिर्जनात्मक सुझावहरुलाई आत्मसात गरि स्थानीय परिवेशलाई आधार मानेर तयार गरिएको स्थानीय पाठ्यक्रमले यस गाउँपालिकाको शैक्षिक उन्नयनमा ठुलो सहयोग हुनेमा म आशावादी छु । स्थानीय पाठ्यक्रम निर्माणमा अग्रगामी भूमिका निभाउनु भएको स्थानीय शिक्षा अधिकारी श्री बिनोद राई, समितिका संयोजक श्री बिश्वराम राई विद्वान शिक्षक ज्यूहरु, विज्ञहरु लगायत सम्पुर्णमा हार्दिक आभार व्यक्त गर्दै पाठ्यक्रमको सफलता साथै पूर्ण कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

मेजर कुमार राई
अध्यक्ष

# मेरो भन्नु



शैक्षिक संघीयता अनुरूप वर्तमान शासन प्रणालीले व्यवस्था गरेको नवीन योजना हो **'स्थानीय पाठ्यक्रम'** जसलाई नेपालको मौजुदा संविधान अनि राजनीतिक संघीयतालाई नीतिगतरूपमै संस्थागत गर्न जारी गरिएको **"स्थानीय सरकार संचालन ऐन २०७४"** ले वैधता प्रदान गरेको छ । त्यसो त पाठ्यक्रम के हो पहिला यस विषयलाई संक्षिप्तरूपमा उठान गरौं ।

पाठ्यक्रमको समकक्षी शब्द "Curriculum" ल्याटिन भाषा "Curro" एवम् "curriculu" बाट सापट लिइएको हो जसको अर्थ "to run or move quickly" भन्ने हुन्छ । पाठ्यक्रमलाई शाब्दिक, संकुचित एवम् व्यापक अर्थमा परिभाषित गरिएता पनि केही शिक्षाविद्हरूको परिभाषालाई निम्न वमोजिम उल्लेख गर्न सान्दर्भिक ठान्दछु, जुन यसप्रकार रहेको छः Robert Wrich का अनुसार "पाठ्यक्रम एउटा धावनमार्ग हो जसबाट दौडेर लक्ष्यसम्म पुग्न सकिन्छ (Curriculum is a runway or course on which one runs to reach a goal)" । त्यस्तै Hilda Taba का अनुसार "पाठ्यक्रम सिकाइको लागि निर्माण गरिएको एउटा योजना हो (Curriculum is a plan for learning)" ।

केन्द्र सरकारद्वारा निर्मित पाठ्यक्रम एकांगी, एकात्मक तथा केन्द्रिकृत हुने भएकोले यसले स्थानीय भूगोल, परिवेश, स्थानीय आवश्यक्ता, अवधारणा, सिप, कला, सामाजिक मनोविज्ञानलाई सम्बोधन गर्नै  सकेन तथा सक्तैन । त्यसैले स्थानीयतालाई जोड दिन तथा शिक्षाको सर्वाङ्गिण लक्ष्य हाँसिल गर्ने ध्येयले स्थानीय पाठ्यक्रमको अवधारणा जन्मिएको हो । यसले स्थानीय मौलिकता, भाषा, धर्म, संस्कृति, सीप, कला, सामर्थ्य साथै स्थानीय उत्पादनलाई समेत सशक्तरूपमा उठान गरी संघीयतालाई सार्थक एवम् संस्थागत विकास गरी सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

सुखद पक्ष त हाम्रो लिम्चुङबुङ गाउँपालिकामा समेत कक्षा १ देखि कक्षा ८ सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण भएको समाचारले सबै गाउँवासीबीच खुसीको सन्देश मात्र सम्प्रेषण भएको छैन थप यसले त युगौंदेखि ओझेलमा परेको स्थानीय तथा ग्रामीण सामाजिक मूल्य-मान्यता एवम् सभ्यता र जीवन पद्दतिलाई समेत सशक्त ढंगले उजागर गरी यसलाई स्थापित गरेर लैजाने कुरा हाम्रो लागि ज्यादै नै महत्वपूर्ण एवम् ऐतिहासिक रहनेछ ।

अन्त्यमा हामी सबैले गर्व गर्न लायक **"लिम्चुङबुङ सेरोफेरो"** नामक स्थानीय पाठ्यक्रम कक्षा ६-८ हाम्रो हातमा आएको छ । यो पाठ्यक्रमलाई स्थानीय तहका सबै विद्यालयहरूमा व्यवस्थित एवम् दृढताकासाथ लागू गरी कार्यान्वयनमा लानु सम्बन्धित निकायको अहम् भूमिका रहनेछ । लिम्चुङबुङ गाउँपालिकाका सम्पूर्ण विद्यालयमा कक्षा ६ देखि ८ सम्मको कक्षागत, तहगत तथा विषयगत लक्ष्य एवम् सक्षमताहरू हाँसिल गर्न गराउन यो पाठ्यक्रमले सदा निर्देश गर्दछ । पाठ्यक्रम निर्माणमा अहोरात्र खट्नुहुने स्थानीय पाठ्यक्रम कार्यदलका सबै शिक्षकहरूप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु ।

हौवा !!

**पुष्पलाल राई**
**उपाध्यक्ष**
**लिम्चुङबुङ गाउँपालिका**

# हाम्रो भनाइ

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच र आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको सुनिश्चितता गरेको छ । संविधानको अनुसूची-८ मा आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएअनुरूप स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी स्थानीय तहको काम कर्तव्य र अधिकारलाई २३ ओटा बुँदामा उल्लेख गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा आधारभूत तहको कक्षा १ देखि ८ का लागि स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरी स्थानीय आवश्यकताअनुसार मातृभाषा तथा स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयवस्तु समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण गर्ने र सोका आधारमा स्थानीय विषय अध्यापन गराउन सकिने प्रावधान रहेको छ। उक्त दस्तावेजमा स्थानीय विषयको पाठ्यक्रम छनोट तथा विकास गरी कार्यान्वयन गर्ने दायित्व सम्बन्धित स्थानीय तहको हुने उल्लेख गरिएको छ । यसैअनुरूप सम्बन्धित स्थानीय सरोकारवाला व्यक्ति र संस्थाको संलग्नता र सहभागितामा स्थानीय आवश्यकता र औचित्यका आधारमा स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयन गरिनुपर्छ भन्ने सिद्धान्तलाई अङ्गीकार गर्दै स्थानीय पाठ्यक्रमले राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका समुदायभित्र रहेका ऐतिहासिक, भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक, औद्योगिक तथा वातावरणीय पक्षसँग सम्बन्धित विषयवस्तु समेट्नु पर्ने आवश्यकतालाई ध्यानमा राखी स्थानीयस्तरमा रहेका मूल्य, मान्यता, कला संस्कृतिको संरक्षण र संवर्द्धन गर्ने र आगामी पुस्तामा उक्त ज्ञान, सिप, मूल्य मान्यता हस्तान्तरण गर्न सहयोग पुगोस् भन्ने अभिप्रायले लिम्चुङबुङ गाउँपालिकाका विद्यालयमा कार्यान्वयन गर्न यस पाठ्यक्रमको विकास गरिएको हो ।

लिम्चुङबुङ गाउँपालिकाले शिक्षाको विकासका लागि विगत वर्षहरूदेखि नै विभिन्न शैक्षिक कार्यक्रम र गतिविधिहरू सञ्चालन गर्दै आएको सबैलाई विदित नै छ । गाउँपालिकाको समग्र विकासका लागि शिक्षा क्षेत्रको विकास अपरिहार्य छ भन्ने तथ्यलाई यस गाउँपालिकाले आत्मसात् गरेको छ । यसै सन्दर्भमा यस गाउँपालिकाले स्थानीय ज्ञान, सिप, भाषा, कला, संस्कृति, सम्पदा, स्थानीय आर्थिक क्रियाकलाप लगायतका विषयवस्तु समावेश गरेर विद्यालय, स्थानीय विज्ञ, अभिभावक तथा शिक्षकको सहभागिता र सहयोगमा **'लिम्चुङबुङको सेरोफेरो'** विषयक स्थानीय पाठ्यक्रम तयार गरेको छ। यस पाठ्यक्रमले गाउँपालिकाको भौगोलिक, सांस्कृतिक, पर्यटकीय एवम् धार्मिक र सामाजिक पक्षहरूलाई समेटेको छ । स्थानीय संस्कार, संस्कृति, पेसा, व्यावसाय लगायत विविध पक्षहरूलाई प्राथमिकता दिएको छ । यस पाठ्यक्रमको कार्यान्वयनबाट बालबालिकाहरूमा आफ्नो समुदायमा घुलमिल हुने, स्थानीय सामाजिक, सांस्कृतिक तथा आर्थिक गतिविधिमा सहभागी हुने, परम्परादेखि अभ्यास गरिदै आएका स्थानीय ज्ञान, सिप, स्रोत, सम्पदा तथा प्रविधिको पहिचान गर्ने र समयानुकूल परिस्कार गरी प्रयोगमा ल्याउने लगायतका सक्षमताको विकास गर्न सहयोग पुग्ने छ भन्ने विश्वास लिईएको छ ।

यस स्थानीय पाठ्यक्रमको विकासमा सम्बन्धित क्षेत्रका विज्ञ तथा विशेषज्ञ, शिक्षासेवी, बुद्धिजीवी, स्थानीय जनप्रतिनिधि, शिक्षक, अभिभावक लगायतको योगदान रहेको छ। पाठ्यक्रम निर्माणमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति लिम्चुङबुङ्ग गाउँपालिका हार्दिक कृतज्ञता ज्ञापन गर्दछ। यस पाठ्यक्रमको कार्यान्वयनमा सम्बन्धित सबैबाट आवश्यक सहयोग प्राप्त हुने विश्वास गरिएको छ । पाठ्यक्रम क्रमिक रूपमा सुधार र परिमार्जन गर्दै लैजानु पर्ने एउटा गतिशील दस्तावेज भएकाले यसको कार्यान्वयनको अनुभवका आधारमा आगामी दिनमा यस पाठ्यक्रममा आवश्यकता अनुसार सुधार र परिमार्जन गरी यसलाई अझै व्यावहारिक र उपयोगी बनाउदै लगिनेछ । यसको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित सबैबाट प्राप्त हुने रचनात्मक सुझावको गाउँपालिका सदैव स्वागत गर्दछ ।

**लिम्चुङबुङ गाउँपालिका**
**लिम्चुङबुङ गाउँकार्यापालिकाको कार्यालय**
**बाराहा, उदयपुर**

२०८०

# विषयसूची


| क्र.सं. | विषयवस्तु | पेज नं. |
|---|---|---|
| १. | परिचय | १ |
| २. | विद्यालय शिक्षाको तहगत संरचना | २ |
| ३. | तहगत सक्षमता | २ |
| ४. | विषयवस्तुको क्षेत्र | ४ |
| ५. | कक्षागत विषयवस्तुको विस्तृतीकरण | ८ |
| ६. | कक्षा-६ विषयवस्तुको विस्तृतीकरण | ८ |
| ७. | कक्षा-७ विषयवस्तुको विस्तृतीकरण | १३ |
| ८. | कक्षा-८ विषयवस्तुको विस्तृतीकरण | १९ |
| ९. | शिक्षण सिकाइ सहजीकरण विधि र प्रक्रिया | २४ |
| १०. | शिक्षण विधि | २४ |
| ११. | मूल्याङ्कनका तरिका र साधन | २५ |
| १२. | विद्यार्थी सिकाइ उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या | २६ |
| १३. | आन्तरिक मूल्याङ्कन | २६ |
| १४. | अन्तिम परीक्षा | २७ |
| १५. | अनुसूची-१: विषय क्षेत्र तथा पाठ्यभार निर्धारण | २८ |
| १६. | अनुसूची-२: विशिष्टिकरण तालिका | २९ |

## १. परिचय

शैक्षिक विकास भनेको मानव समुदायको सर्वाङ्गीण विकास हो । शिक्षाको विकासबाट नै सम्पूर्ण मानव सभ्यताको विकास र समृद्धिको आधार स्तम्भ तय हुन्छ । मुख्यतया : शिक्षालाई योजनाबद्ध रुपमा संचालन गर्न पाठ्यक्रमको आवश्यकता पर्दछ । यही पाठ्यक्रमको माध्यमबाट शिक्षालाई व्यवस्थित र उपलब्धिमूलक बनाउनु पर्ने हुन्छ । पाठ्यक्रम योजनाबद्ध रुपमा शिक्षण सिकाइको आधार भएकोले यो शिक्षण सिकाइको मार्गदर्शन पनि हो । पाठ्यक्रमलाई सिकाइको प्रमुख योजना हो भनेर पनि अर्थ्याउन सकिन्छ । साथै पाठ्यक्रमलाई शिक्षण सिकाइको मार्गदर्शन,शिक्षण सिकाइको निर्धारक तथा समग्र शिक्षण योजनाको एकीकृत रुप हो भनेर बुझ्नु पर्दछ । राष्ट्रिय एवम् अन्तराष्ट्रिय परिस्थिति तथा स्थानीय परिवेशको पृष्ठभूमिमा पाठ्यक्रम निर्माण गर्ने प्रचलन रहेको छ । यसै सन्दर्भमा स्थानीय पाठ्यक्रमलाई लुप्त पाठ्यक्रमको रुपमा लिने गरेको पाइन्छ । स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकतालाई मध्यनजर गरी स्थानीय स्रोत साधन र जनशक्तिको प्रयोग गरेर तयार पारिने भएकाले स्थानीय सरोकारवालाहरुको प्रत्यक्ष सहभागितामा स्थानीय मूल्य मान्यतामा केन्द्रित, स्थानमा आधारित स्थानीय विषयवस्तु , स्थानीय भौगोलिक अवस्था , स्थानीय आधारभूत आवश्यकता, स्थानीय सामाजिक संरचना, स्थानीय विज्ञता र सहभागितालाई स्थानीय पाठ्यक्रमको आधारभूत सैद्धान्तिक पक्षको रुपमा लिइएको छ ।

स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका २०६४, विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यन्वयन मार्गदर्शन (मातृभाषा सहित) २०७६को प्रावधान अनुरुप यो स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ । यस पाठ्यक्रमले मूलभूतरुपमा लिम्चुङबुङ गाउँपालिका क्षेत्रको सम्पूर्ण सेरोफेरोलाई समेट्ने प्रयत्न गरिएको छ । स्थानीय आवश्यकता पहिचानलाई मध्यनजर गरी आधारभूत तह (कक्षा ६-८) मा बालबालिकाहरुलाई आफ्नो, सांस्कृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन तथा स्थानीय प्रविधि पेशा, आर्थिक क्रियाकलापको संरक्षण र संवर्द्धनलाई गाउँपालिकाको सामाजिक,सांस्कृतिक,आर्थिक, भाषिक तथा वातावरणीय परिवेशबारे ज्ञान सिप प्रदान गर्ने अभिप्राय रहेको छ । यस पाठ्यक्रमले यस गाउँपालिका क्षेत्रको प्राकृतिक, सामाजिक, ऐतिहासिक, सांस्कृतिक आर्थिक, पर्यटन, उद्योग, कृषि,

पशुपालन, पुरातात्विक सम्पदा, जोखिम व्यवस्थापन साथै यस गाउँपालिकाको प्राकृतिक, भौगोलिक तथा सांस्कृतिक विषयमा विशेष महत्व दिइएको छ । आधारभूत तह (कक्षा ६-८) का बालबालिकाहरुलाई स्थानीय ज्ञान , सिप र प्रविधिको उपयोग गर्दै आफ्नो गाउँपालिकाको पहिचान , वस्तुस्थिति साथै विभिन्न पेशा व्यवसाय अँगाल्दै आत्मनिर्भर र जीविकोपार्जन गर्न सहयोग पुग्ने अपेक्षाका साथ निर्माण गरिएको यस लिम्चुङबुङ गाउँपालिकाको बारेमा समुचित जानकारी दिनेछ । स्थानीय आवश्यकता र सरोकारवालाहरुको बृहत छलफलबाट उदयपुर जिल्लाको लिम्चुङबुङ गाउँपालिकाको सेरोफेरोको विषयमा स्थानीय पाठ्यक्रम दोस्रो चरणमा आधारभूत तह (कक्षा ६-८) को पाठ्यक्रम निर्माण गरिएको छ । यस पाठ्यक्रममा जम्मा ७ ओटा विषयक्षेत्र / थिमहरु समावेश गरिएका छन :

१) लिम्चुङबुङ गाउँपालिकाको परिचय ।
२) तरकारी तथा फलफूल खेती ।
३) लिम्चुङबुङ गाउँपालिकाको भाषा, धर्म,कला,संस्कृति र परम्परागत रीतिरिवाज ।
४) पर्यटन र पुरातात्विक सम्पदा ।
५) पशुपालन तथा व्यवसाय ।
६) स्थानीय आर्थिक क्रियाकलाप ।
७) जोखिम व्यवस्थापन ।

## २. विध्यालय शिक्षाको तहगत संरचना

आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था हुने छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले विध्यालय शिक्षालाई आधारभूत र माध्यामिक गरी दुई तहमा बाँडेको छ । विध्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्षको अवधिको माध्यमिक शिक्षा कायम गरिएको छ ।सिकारुको उमेर, सिकाइ क्षमतास्तर तथा बालमनोविज्ञान समेतलाई आधार मानी विध्यालय शिक्षाको तहगत र कक्षागत संरचना निम्नबमोजिम निर्धारण गरिएको छ:-

**तालिका १: विध्यालय शिक्षाको तहगत र कक्षागत संरचना**

| विध्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा | ४ वर्ष | ० |
| आधारभूत | कक्षा १-३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४-५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६-८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक | कक्षा ९-१० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११-१२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

**तालिका२: आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना साधारण तर्फ**

| क्र.सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाली | ५ | १६० | |
| २. | अंग्रेजी | ५ | १६० | |
| ३. | गणित | ५ | १६० | |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० | |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० | |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ | |
| ७. | मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषा | ४ | १२८ | |

## ३) तहगत सक्षमता

हाम्रो लिम्चुङबुङ सेरोफेरो नामक स्थानीय पाठ्यक्रमले लिम्चुङबुङ गाउँपालिकाको भौगोलिक, राजनीतिक, प्रशासनिक, लिम्चुङबुङ गाउँपालिकाको सेरोफेरोमा रहेको प्राकृतिक, वातावरण, सामाजिक, सांस्कृतिक,आर्थिक, भाषिक, परम्परागत रीतिरिवाज, जातजाति तथा जोखिम व्यवस्थापन सम्बन्धीसमग्र वस्तुस्थितिसँग परिचित हुन सक्ने भन्ने उद्देश्य राखिएको छ । स्थानीय पेशा व्यवसाय, प्रविधि, पर्यटकीय स्थल पुरातात्विक सम्पदा,आर्थिक क्रियाकलाप तथा जोखिम व्यवस्थापन लगायत विविध पक्षहरुको विषयमा सिकारुहरुलाई सक्षम बनाउन तहगत सक्षमता राखिएको छ ।

आधारभूत तह कक्षा (६-८) को अन्त्यमा सिकारुहरुमा /बालबालिकाहरुमा निम्नलिखित तहगत सक्षमताको विकास हुनेछन :-

१. लिम्चुङबुङ गाउँपालिकाको ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक, भौगोलिक परिवेश, वातावरण, पूर्वाधार विकास तथा सामाजिक मूल्य मान्यताका आधारभूत पक्षहरुको परिचय।
२. लिम्चुङबुङ क्षेत्रभित्रका पेसा, व्यवसाय, एवम् आर्थिक क्रियाकलापहरुको बारे सामान्य पक्षहरुको जानकारी दिन ।
३. लिम्चुङबुङ गाउँपालिकामा रहेको विभिन्न कार्यालयहरु, संघसंस्थाहरु तथा विद्यालयहरुको परिचय, सामान्य क्षेत्राधिकार, सेवा तथा कार्यविवरणको सामान्य परिचय दिन ।
४. तरकारी तथा फलफूल खेतीको वर्गीकरण, महत्व र उपयोग बारे सामान्य जानकारी।
५. तरकारी तथा फलफूल खेतीको संरक्षण गर्ने तरिका, तिनीहरुमा लाग्ने रोग र त्यसको उपचारको जानकारी ।
६. स्थानीय धर्म, जातजाति, भाषा, संस्कृति, परम्परा, चाडपर्व र रीतिरिवाजको परिचय, महत्व त्यसको संरक्षण र संवर्द्धनमा तत्परता।
७. लिम्चुङबुङ गाउँपालिकाभित्र रहेका र छिमेकी स्थानीय तह अन्तर्गतका पर्यटकीय स्थल तथा पुरातात्विक सम्पदाको पहिचान, महत्व, प्रवर्धन र प्रचार-प्रसार गर्न ।
८. पशुपालनको परिचय, महत्व, विकास र त्यसमा लाग्ने रोग र रोकथामका उपायहरु अवलम्बन गर्न ।
९. स्थानीय पेशा व्यवसाय, परम्परागत तथा मौलिक उत्पादनहरुको परिचय, महत्व, सम्भावना र सिपको अभ्यास गर्न ।
१०. स्थानीय प्रकोप र जोखिम व्यवस्थापनको अवधारणा बोध र व्यवस्थापनमा सहयोग ।

## ४. विषयवस्तुको  क्षेत्र र क्रम (कक्षा ६-८)

| क्र.सं. | क्षेत्र / एकाइ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| १ | हाम्रो लिम्चुङबुङ | ✓ लिम्चुङबुङ शब्दको अर्थ र परिचय<br>✓ गाउँपालिकाको नक्सा कोर्न र मुख्य मुख्य स्थानको पहिचान<br>✓ वडा कार्यालयबाट प्रदान गर्ने सेवा सुविधाको जानकारी<br>✓ गाउँपालिकाको जनप्रतिनिधिको नाम र पद | ✓ लिम्चुङबुङ / सुनतारी  फूलको उपयोगिता<br>✓ जिल्लाको नक्सा कोर्न र आफ्नो गाउँपालिका तथा अन्य मुख्य-मुख्य स्थान, नदी, धार्मिक स्थल<br>✓ गाउँपालिकाका गौरवका आयोजनाको परिचय<br>✓ गाउँपालिकाका आयोजनाहरु मध्ये आफ्नो गाउँ वा टोलमा संचालनमा रहेका आयोजनाको जानकारी<br>✓ गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधा | ✓ लिम्चुङबुङको सांस्कृतिक महत्व तथा लिम्चुङबुङको आर्थिक फाइदा बताउन<br>✓ प्रदेशको नक्सा कोर्न र आफ्नो जिल्ला, गाउँपालिका र मुख्य-मुख्य स्थान र तथ्यको अवस्थिति पहिचान<br>✓ लिम्चुङबुङ गाउँपालिकाको विगत र वर्तमान …………………<br>✓ गाउँ कार्यपालिकाको गठन प्रक्रिया र काम, कर्तव्य र अधिकार बारे जानकारी |
| २ | तरकारी तथा फलफूल खेती | ✓ तरकारी तथा फलफूलका लागि उपयुक्त माटो तथा हावापानी छनौट<br>✓ नर्सरी र कलमी गर्ने तरिकाको फरक<br>✓ व्यवसायिक तरकारी तथा फलफूल बारे जानकारी<br>✓ बेमौसमी तरकारी तथा फलफुल उत्पादनका विधि तथा सम्भाव्यता बारे जानकारी<br>✓ तरकारी तथा फलफूल उकेर्ने (Harvesting)गर्ने तरीका तथा भण्डारण गर्ने तरिकाको जानकारी<br>✓ तरकारी तथा फलफूल खेती गर्न आवश्यक मलको बारेमा जानकारी | ✓ माटोको रासायनिक गुण (अम्लीयपन र क्षारीयपन)<br>✓ नर्सरी तथा कलमी गर्ने परम्परागत विधि र आधुनिक प्रविधि<br>✓ व्यवसायिक तरकारी तथा फलफूल उत्पादन गर्दा हुने फाइदा र स्थानीय तह बाट प्राप्त हुने सहयोग<br>✓ तरकारी तथा फलफूल उकेर्ने तथा भण्डारण गर्ने परम्परागत र आधुनिक प्रविधि<br>✓ तरकारी तथा फलफूल खेती गर्न आवश्यक प्राङ्गारिक मल | ✓ माटोको PH परिक्षण बारे जानकारी / तरिका तथा माटो अनुसार उपयुक्त तरकारी तथा फलफूलको छनौट<br>✓ नर्सरी तथा कलमी गर्ने आधुनिक तरीका (मल्चिङ गर्ने तरीका , 3G कटिङ गर्ने तरीका र फाइदा)<br>✓ स्थानीय कृषि शाखा तथा कृषि ज्ञानकेन्द्रबाट हुने प्राविधिक तथा आर्थिक सहयोग बारे जानकारी<br>✓ तरकारी तथा फलफूललाई लामो समय सम्म भण्डारण गर्ने परम्परागत तथा आधुनिक चिस्यान केन्द्र निर्माण तथा व्यवस्थापन विधि बारे जानकारी<br>✓ तरकारी तथा फलफूल खेती गर्न आवश्यक प्राङ्गारिक मल तथा जैविक विषादी बनाउने विधि बारे जानकारी |

| क्र.सं. | क्षेत्र / एकाइ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| --- | --- | --- | --- | --- |
| ३ | भाषा, धर्म, कला, संस्कृति र परम्परागत रितिरिवाज | ✓ गाउँपालिकाभित्र बसोवास गर्ने विभिन्न जात जातिको भेषभूषा र चाडपर्वको परिचय<br>✓ विभिन्न जातजातिहरुको धर्म, संस्कृतिको परिचय<br>✓ जातजातिको लोक गीत, बाजा तथा नृत्यको परिचय<br>✓ अतिथि सत्कारको विविध संस्कृतिहरुको जानकारी<br>✓ आफ्नो समुदायका जन्म, मृत्यु, विवाह संस्कारको महत्त्व | ✓ गाउँपालिकाभित्र बसोबास गर्ने विभिन्न जातजातिको भेषभूषा र चाडपर्वको परिचय र महत्त्व<br>✓ जातजातिको लोक गीत, बाजा तथा नृत्यको परिचय र महत्त्व<br>✓ अतिथि सत्कारको विविध संस्कृतिहरुको परिचय र महत्त्व<br>✓ आफ्नो समुदायका जन्म, मृत्यु, विवाह संस्कारको विधि | ✓ गाउँपालिकाभित्र बसोबास गर्ने विभिन्न जातजातिको भेषभूषा र चाडपर्वको परिचय, महत्त्व र प्रवर्द्धनको उपायहरु<br>✓ विभिन्न जातजातिले मान्ने धर्म तथा संस्कृतिको ऐतिहासिक पृष्ठभूमि र प्रवर्द्धनका उपायहरु<br>✓ जातजातिको लोक गीत, बाजा तथा नृत्यको महत्त्व र प्रवर्द्धनको उपायहरु<br>✓ अतिथि सत्कारका विविध संस्कृतिका अभ्यासहरु<br>✓ आफ्नो समुदायका जन्म, मृत्यु, विवाह संस्कारको प्रक्रिया |
| ४ | पर्यटन र पुरातात्विक सम्पदा | ✓ गाउँपालिका भित्रको पर्यटकीय स्थल तथा पुरातात्विक स्थलको विस्तृत परिचय र अवस्थिति (एभरेस्ट भ्यू टप , यलम्बर पार्क, गाईखुर, भित्ते ढुङ्गा, सात तले गुफा, बाराहाजिको मन्दिर, ककनी ...........)<br>✓ गाउँपालिकाको नजिकै रहेको धार्मिक तथा पर्यटकीय स्थल हलेसी महादेव स्थान, होलेसुङ पार्क बारे जानकारी<br>✓ पर्यटनको परिचय प्रकार<br>✓ पर्यटक स्वागत तथा होमस्टे बारे जानकारी ( किरात, मगर, तामाङ, शेर्पा ............ होमस्टे)<br>✓ सुनकोशी जल पर्यटन परिचय | ✓ पर्यटकीय क्षेत्र तथा स्थलको महत्त्व<br>✓ पर्यटकीय क्षेत्र पुग्ने बाटाहरु बारे जानकारी<br>✓ पर्यटकीय क्षेत्रका विशेषताहरु<br>✓ नजिकको स्थानीय तहको धार्मिक, पर्यटकीय र पुरातात्विक विकासमा हाम्रो भूमिका<br>✓ होम स्टे को महत्त्व<br>✓ - पर्यटन विकासमा होमस्टेको फाइदा<br>✓ - पर्यटन व्यवसायीलाई आर्थिक फाइदा<br>✓ सुनकोशी जल पर्यटनको महत्त्व | ✓ पर्यटकीय क्षेत्र तथा स्थलको प्रवर्द्धन<br>✓ पर्यटकीय स्थलहरुको ऐतिहासिक, धार्मिक, प्राकृतिक र सास्कृतिक पृष्ठभूमि<br>✓ पर्यटनका बहुआयामिक फाइदा बारे जानकारी<br>✓ धार्मिक, पर्यटकीय क्षेत्रको विकास र प्रवर्द्धनमा हाम्रो भूमिका<br>✓ *प्रचार प्रसार, संरक्षणका लागि सचेतना, मर्मत संभार<br>✓ होमस्टेको प्रवर्द्धन बारे जानकारी<br>✓ आर्थिक लगानी<br>✓ व्यवसायिक लगानी<br>✓ सुनकोशी जल पर्यटन सम्भाव्यता तथा प्रवर्द्धन |

| क्र.सं. | क्षेत्र / एकाइ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| ५ | पशुपालन तथा व्यवसाय | ✓ व्यवसायिक पशुपालन बारे जानकारी<br>✓ लिम्चुङबुङ गाउँपालिका भित्र रहेका व्यवसायिक पशुपालन फम बारे जानकारी<br>✓ पशुपालन व्यवसायको आधारभूत ज्ञान<br>✓ पशुपन्छीलाई लाग्ने सामान्य रोग तथा घरेलु उपचारको ज्ञान<br>✓ पशुपालन व्यवसाय गर्दा आवश्यक पर्ने स्वस्थकर खोर/ गोठको व्यवस्थापन<br>✓ पशुपन्छीको स्वस्थकर आहारको जानकारी<br>✓ पशुपालन व्यवसायको प्रवर्द्धन<br>✓ पशुपन्छी तथा तिनीहरुको प्रजनन प्रणालीको परिचय | ✓ व्यवसायिक पशुपालन वर्गीकरण<br>✓ व्यवसायिक पशुपालनका फाइदा तथा चुनौतिहरु<br>✓ पशुपन्छीलाई लाग्ने विभिन्न जटिल रोगका लक्षणको ज्ञान तथा प्राथमिक उपचार<br>✓ व्यवसायिक गोठ तथा खोर निर्माणको प्राविधिक ज्ञान तथा महत्त्व<br>✓ स्थानीय स्रोत साधन र उत्पादनको प्रयोग गरी स्वस्थकर पशुआहार निर्माण<br>✓ स्थानीय स्तरमा पशुपन्छी विक्री वितरण गर्ने हाटबजारको जानकारी<br>✓ पशुपन्छीहरुको नश्ल सुधार सम्बन्धी ज्ञान | ✓ व्यवसायिक पशु फर्मको दर्ता विधि तथा प्रक्रिया<br>✓ व्यवसायिक पशुपालनको चुनौतिका कारण तथा निराकरणका उपायहरु<br>✓ गाउँपालिका भित्र वा आफ्नो नजिकको पशुउपचार केन्द्र तथा पशु स्वास्थ्यकर्मीको जानकारी<br>✓ व्यवसायिक गोठ तथा खोर निर्माण सम्बन्धी लागत सहयोग गर्ने निकाय तथा प्रक्रिया<br>✓ आधुनिक पशुआहार तथा त्यसको प्रयोग<br>✓ पशुजन्य उत्पादनको निर्यात, बजारीकरण तथा प्रचार प्रसार<br>✓ पशुपन्छीको नश्ल सुधारका विधि तथा फाइदाहरु |
| ६ | स्थानीय आर्थिक क्रियाकलाप | ✓ कृषि तथा पशु पकेट क्षेत्र पहिचान तथा निर्धारण<br>✓ परम्परागत सिपको बारेमा आधारभूत जानकारी (डोरी, कुचो, नाम्लो,डोको,डालो, नाङ्लो तथा खाडी कपडा तथा बाँस बाट बन्ने विभिन्न सामग्री निर्माण )<br>✓ स्थानीय व्यापार व्यवासाय सम्बन्धि जानकारी<br>✓ विक्रेता र उपभोक्ताका सम्बन्ध | ✓ कृषि तथा पशु पकेट क्षेत्रको महत्त्व तथा फाइदाहरु<br>✓ सिपको प्रयोग र उत्पादन<br>✓ सामग्रीको उत्पादन प्रविधिकरण<br>✓ पसल तथा होटल व्यवसायको महत्त्व र फाइदा<br>✓ उपभोक्ता सचेतना परिचय<br>✓ पालिका भित्र पाइने विभिन्न जडिबुटीको महत्त्व र फाइदा<br>✓ बचत तथा सहकारी<br>✓ पालिका भित्र संचालित हाटबजार बारे जानकारी | ✓ कृषि तथा व्यवसायीकरण र प्रवर्द्धन<br>✓ पसल तथा होटल व्यवसाय संचालन सम्बन्धि चुनौतिहरु<br>✓ उपभोक्ता सचेतनाको फाइदाहरु<br>✓ पालिका भित्र पाइने विभिन्न प्रकारका जडिबुटीको प्रसोधन तथा बजारीकरण<br>✓ बचत, सहकारी र बैकिङ प्रक्रिया<br>✓ स्थानीय कृषि  तथा पशु जन्य उत्पादनको लागि आन्तरिक तथा बाह्य बजार बारे जानकारी |

| क्र.सं. | क्षेत्र / एकाइ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | ✓ स्थानीय स्तरमा पाइने विभिन्न प्रकारका जडिबुटी पहिचान<br>✓ बचतको परिचय<br>✓ स्थानीय विक्रिवितरण तथा बजार बारे जानकारी | | |
| ७ | जोखिम व्यवस्थापन | ✓ जोखिमको परिचय<br>✓ विद्यालय क्षेत्र भित्रका जोखिमका सम्भावित पक्ष<br>✓ जोखिम न्यूनीकरणका उपायहरु<br>✓ जोखिम क्षेत्र भित्रका प्रतिकार्य योजना (घर तथा विद्यालय भित्र ) | ✓ सम्भावित हुने जोखिमका प्रकार<br>✓ समुदाय क्षेत्र भित्रका सम्भावित जोखिम<br>✓ समुदाय क्षेत्र भित्रका सम्भावित जोखिम न्यूनीकरणका उपायहरु<br>✓ समुदाय क्षेत्र भित्र हुने विविध प्रकृतिका जोखिम व्यवस्थापन<br>✓ समुदाय क्षेत्रभित्रका जोखिम प्रतिकार्य योजना | ✓ सम्भावित जोखिमको सामान्य जानकारी<br>✓ मानवीय तथा प्राकृतिक जोखिमका सम्भावित क्षेत्र<br>✓ डढेलो, भूकम्प,बाढी,पहिरो आदि बाट बच्ने उपाय<br>✓ विपत व्यवस्थापन सम्बन्धि तालिम<br>✓ विपद व्यवस्थापनको लागि आवश्यक सामग्रीको जोहो तथा प्राथमिक उपचार |

## ५. कक्षागत विषयवस्तुको विस्तृतीकरण

### ५.१ कक्षा-६ विषयवस्तुको विस्तृतीकरण

| क्षेत्र/ एकाइ | सिकाइ उपलब्धी | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १.हाम्रो लिम्चुङबुङ | - लिम्चुङबुङ शब्दको अर्थ बताउन, | - लिम्चुङबुङ (सुन्तारी फूल)<br>- लिम्चुङबुङ गाउँपालिकाको नक्सा | - लिम्चुङबुङ चाम्लिङ भाषा बाट आएको एउटा नेपाली भाषामा सुन्तारी फूल हो भनी बताउने ।<br>- नक्सा कोर्ने सरल विधि (वर्ग, ग्राफ, ट्रेसिङ, टेम्प्लेट) आदिको प्रयोग गरी | - लिम्चुङबुङ (सुन्तारी फूल) देखे, नदेखेको सोध्ने<br>- लिम्चुङबुङ (सुन्तारी फूल) कस्तो फूल हो भन्न लगाउने | २२ |
| | - गाउँपालिकाको नक्सा कोर्न,<br>- मुख्य-मुख्य स्थानको नाम बताउन,<br>- वडा कार्यालयबाट प्रदान गर्ने सेवाहरु बताउन,<br>- गाउँपालिका अध्यक्ष, उपाध्यक्ष लगायत गाउँ कार्यपालिका सदस्यहरुको पद र नाम बताउन, | - लिम्चुङबुङ गाउँपालिका भित्र रहेका मुख्य-मुख्य पर्यटकीय, ऐतिहासिक तथा भौगोलिक स्थान<br>- वडा कार्यालयहरु<br>- वडा सभा<br>- गाउँ कार्यपालिका तथा गाउँपालिका पदाधिकारीहरुको चार्ट | - गाउँपालिकाको नक्सा कोर्ने अभ्यास गराउने ।<br>- मुख्य मुख्य स्थानको नाम तालिका\चार्ट देखाई भन्न लगाउने ।<br>- वडाबाट प्राप्त जानकारीको आधारमा वडा कार्यालयबाट प्रदान गर्ने सेवा प्रवाहको सूची बनाउन लगाई पृष्ठपोषण दिने<br>- वडा कार्यालय (विद्यार्थीलाई) भ्रमण गराउने<br>- चार्टको माध्यमबाट गाउँपालिकाको प्रतिनिधिको नाम र पद भन्ने<br>- विद्यार्थीहरुलाई क्रमागत चार्ट बनाउन लगाई पृष्ठपोषण दिने | - गाउँपालिकाको नक्सा कोरेको अवलोकन गरेर<br>- नक्सामा गाउँपालिकाको मुख्य-मुख्य स्थान देखाएको र संकेत गरेको अवलोकन गरेर<br>- वडा कार्यालयले प्रदान गर्ने सेवा भन्न लगाएर<br>- गाउँपालिकाको जनप्रतिनिधिहरुको नाम र पद भन्न लगाएर | |
| २. तरकारी तथा फलफूल खेती | - तरकारी तथा फलफूलको लागि उपयुक्त माटो तथा हावा, पानी बारे बताउन,<br>- विरुवा नर्सरी तथा कलमी बारे फरक बताउन<br>- व्यवसायिक तरकारी तथा फलफूल खेती बारे बताउन | - माटोका प्रकार तथा विभिन्न हावापानी अनुसारका फलफुलहरु।<br>- वागवानी केन्द्र –<br>- विभिन्न तरकारी खेती तथा फर्महरु<br>- विभिन्न प्रजातिका फलफूलहरु | - माटो तथा उपयुक्त हावापानीका प्रकार , त्यस माटोमा उपयुक्त हुने तरकारी तथा फलफूल बारे बताउने<br>- कलमीको परम्परागत विधि र आधुनिक विधि बारे बताउने<br>- स्थानीय कृषि फार्म (वागवानी वा नर्सरी केन्द्रमा गई अवलोकन गराउने<br>- व्यवसायिक खेतीका परिचय बताउने<br>- बेमौसमी तरकारी तथा फलफूल बारे | - तरकारी तथा फलफूलको लागि सुहाउदो हावापानी र माटो बारे बताउन लगाउने।<br>- बिरुवा र कलमी बिरुवा बारे फरक छुट्ट्याउन लगाउने<br>- व्यवसायिक तरकारी तथा फलफूल खेती बारे बताउन लगाउने। | १८ |

| क्षेत्र/ एकाइ | सिकाइ उपलब्धी | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | - बेमौसमी तरकारी तथा फलफूल खेती उत्पादन गर्ने तरीका बताउन<br>- बेमौसमी तरकारी खेतीका चुनौती तथा सम्भावना बताउन।<br>- तरकारी तथा फलफूल खेती उकेर्ने र भण्डारण गर्ने तरीका बताउन। | - कृषि शाखा तथा कृषि ज्ञान केन्द्र<br>- बेमौसमी तरकारी तथा फलफूल<br>- स्थानीय चिस्यान केन्द्र | जानकारी गराउने<br>- बेमौसमी तरकारी खेतीका संभावित समस्याहरु जस्तैः किराको प्रकोप, सिचाँई,<br>- हावाहुरी बारे बताउने<br>- बेमौसमी तरकारी तथा फलफूलका फाईदा बताउने,<br>- तरकारीलाई लामो समय सम्म सुकाएर तथा फलफुललाई बजार लानु भन्दा पहिला भण्डार गर्ने तरीका बताउने | - बेमौसमी तरकारी खेती बारे बताउन लगाउने<br>- आफ्नो गाउँघर वा वरपर बेमौसमी खेतीका बारे देखिएका चुनौती (अप्ठ्याराहरू) र फाइदाहरु बताउन<br>- बेमौसमी तरकारी तथा फलफुल खेतीका फाईदा बारे बताउन लगाउने<br>- चिस्यान केन्द्र के हो ? | |
| ३. भाषा, धर्म ,कला सँस्कृती र परम्परागत रीतिरिवाज | - गाउँपालिका भित्र बसोबास गर्ने विभिन्न जातजातिको भेषभूषा र चाडपर्वको परिचय दिन<br>- विभिन्न जातजातिहरुको धर्म सँस्कृतिको परिचय दिन,<br>- पालिका भित्र बसोबास गर्ने जातजातिहरुको लोक गीत, लोक बाजा तथा लोक नृत्यको परिचय दिन,<br>- अतिथि सत्कारको परिचय दिन,<br>- आफ्नो समुदायका जन्म, मृत्यु, विवाह संस्कारको महत्व बताउन। | - गाउँपालिका भित्र बसोबास गर्ने जातजातिको सूची, उनीहरुले लगाउने भेषभूषा र उनीहरुले मनाउने चाडपर्वको सूची<br>- विभिन्न जातजातिहरुको धर्म र संस्कृतिको परिचय<br>- पालिका भित्र बसोबास गर्ने जातजातिको लोक गीत, लोक बाजा र नृत्यको बारेमा जानकारी,<br>- अतिथी सत्कारको विविध संस्कारहरुको बारेमा जानकारी<br>- आफ्नो समुदायका जन्म,मृत्यु,विवाह संस्कारको बारेमा जानकारी | - गाउँपालिका भित्र बसोबास गर्ने जातजातिको सूची, उनीहरुले लगाउने भेषभूषा र मनाउने चाडपर्वको बारेमा जानकारी दिने,<br>- विभिन्न जातजातिले मनाउने धर्म र संस्कृतिको जानकारी गराउने<br>- साकेला , हुर्रा ,बालन नाच लगायत अन्य जाति विशेषका लोकनृत्य, र लोक गीतहरु आयोजना भएको समयमा प्रत्यक्ष अबलोकन गराउने,<br>- अतिथी सत्कारको विविध संस्कृति बारे अभिनय मार्फत बालबालिकाहरुलाई अभ्यास गराउने,<br>- जन्म मृत्यु ,बिवाह संस्कारको बारेमा जानकारी दिनको लागि जन्म, मृत्यु र विवाहको संस्कार भएको समयमा प्रत्यक्ष अवलोकन गराउने, | - लिम्चुङबुङ गा.पा. भित्र बसोबास गर्ने जातजातिको भेषभूषाको नाम बताउनुहोस्<br>- गाउँपालिका भित्र बसोबास गर्ने जातजातिले मनाउने मुख्य चाडपर्वहरु के-के हुन् ?<br>- अतिथि सत्कारको विविध संस्कृति बारे बताउन लगाउने,<br>- आफ्नो समुदायका जन्म, मृत्यु, विवाह संस्कारको महत्व उल्लेख गर्नुहोस्। | २१ |

| क्षेत्र/ एकाइ | सिकाइ उपलब्धी | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ४. पर्यटन र पुरातात्विक सम्पदा | - गाउँपालिका भित्रको पुरातात्विक तथा पर्यटकीय स्थलको सविस्तारमा परिचय दिन<br>- लिम्चुङबुङ एभरेष्ट भ्यूटपको बारेमा संरचनागत रुपमा बताउन<br>- छिमेकी गाउँपालिकाको धार्मिक तथा ऐतिहासिक स्थल बारे बताउन<br>- पर्यटनको परिचय र प्रकार बताउन<br>- पर्यटकलाई स्वागत र होमस्टे बारे प्रष्ट्याउन<br>- सुनकोशी \जल पर्यटनको परिचय दिन | - पुरातात्विक \ऐतिहासिक तथा धार्मिक स्थलको विस्तृत परिचय तथा सूची तालिका<br>- क्षेत्रहरुको टिप्पणी र प्रस्तुतीकरण<br>- स्थलगत भ्रमण, वडागत अवलोकन,<br>- छिमेकी गाउँपालिका भित्रको धार्मिक तथा ऐतिहासिक क्षेत्रहरुको प्रत्यक्ष रुपमा अवलोकन,<br>- पर्यटकलाई स्वागत तथा होमस्टे बारे स्थलगत भ्रमण,<br>- सुनकोशी क्षेत्रमा हुने पर्यटकीय क्रियाकलाप | - पुरातात्विक \ऐतिहासिक तथा धार्मिक स्थलको परिचय सहितको सूची तालिका प्रस्तुत गरि छलफल गरिने<br>- भौगोलिक अवस्थिति \अवस्था बारे नक्सा प्रस्तुत गरि छलफल गराउने<br>- स्थलगत भ्रमण तथा अवलोकन गरेर अनुभव साटासाट गर्ने अतिथि सत्कार बारे छलफल तथा होमस्टे बारे छलफल र अन्तरकृया गर्ने,<br>- सुनकोशी क्षेत्रमा हुने पर्यटन गतिविधिको बारेमा जानकारी दिने, | - गाउँपालिका भित्रका धार्मिक, पुरातात्विक \ ऐतिहासिक तथा पर्यटकीय स्थलका बारेमा बताउनुहोस् ।<br>- लिम्चुङबुङ एभरेष्ट भ्यूटपको बारेमा बताउनुहोस् ।<br>- पर्यटन भन्नाले के बुझिन्छ?<br>- पर्यटनका प्रकार बताउनुहोस्।<br>- आफनो घरमा आउने अतिथिलाई स्वागत गर्ने तरिका बताउनहोस्।<br>- सुनकोशी देखि \नदेखेको सोध्ने सुनकोशी क्षेत्रमा हुने पर्यटकीय गतिविधिको बारेमा विद्यार्थीले जानेको भन्न लगाउने, | २१ |
| ५. पशुपालन तथा व्यवसाय | - व्यवसायिक पशुपालन बारे बताउन सक्नेछ।<br>- लिम्चुङबुङ गाउँपालिका भित्र रहेका व्यवसायिक पशुपालन फर्म बारे बताउन सक्नेछ।<br>- पशुपालन व्यवसायको आधारभूत व्यवस्थापन<br>- पशुपंक्षीलाई लाग्ने सामान्य रोग तथा घरेलु उपचारको जानकारी | - आफ्नो छरछिमेकको पशुपालन फर्महरु<br>- लिम्चुङबुङ गाउँपालिका भित्र रहेका व्यवसायिक पशुपालन फर्महरु<br>- पशु प्राविधिक तथा पशु शाखा<br>- कृषि तथा पशुपालन सम्बन्धि अभिमुखीकरण<br>- कृषि तथा पशु परामर्श केन्द्र | - आफ्नो छरछिमेकमा रहेको पशुपालन फर्महरुको अवलोकन गराउने<br>- लिम्चुङबुङ गाउँपालिका भित्र रहेका व्यवसायिक पशुपालन फर्महरुको अवलोकन तथा वर्गीकरण गराउने<br>- पशुपालन व्यवसायको आधारभुत ज्ञान र पशुपंक्षीलाई लाग्ने सामान्य रोग तथा घरेलु उपचार बारे पशु प्राविधिक तथा पशु शाखा द्वारा अभिमुखीकरण गराएर | - आफ्नो छरछिमेकमा रहेको व्यवसायिक पशुपालन र परम्परागत पशुपालन फरक छुट्ट्याउन लगाउने<br>- लिम्चुङबुङ गाउँपालिका भित्र रहेका व्यवसायिक पशुपालन फर्महरुको परिचय र सूची बनाउन लगाउने ।<br>- पशुपालन व्यवसाय गर्ने तरिकाहरु बताउन लगाउने | १६ |

| क्षेत्र/ एकाइ | सिकाइ उपलब्धी | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | - पशुपालन व्यवसाय गर्दा आवश्यक पर्ने स्वस्थकर खोर \गोठको जानकारी<br>- पशुपंक्षीको स्वस्थकर आहारको जानकारी<br>- पशुपंक्षी तथा तिनीहरुको प्रजनन प्रणाली बारे बताउनेछ । | | - पशुपंक्षीको स्वस्थकर आहारको र तिनिहरुको प्रजनन प्रणाली बारे स्थानीय कृषि तथा पशु परामर्श केन्द्रद्वारा अभिमुखीकरण गराएर | - पशुपंक्षीलाई लाग्ने सामान्य रोगहरुको लक्षणहरु भन्न लगाउने र त्यसको रोकथामको लागि घरेलु उपचार गर्ने उपाय तथा तरिकाहरु बताउन लगाउने<br>- पशुपालन व्यवसाय गर्दा आवश्यक स्वस्थकर खोर (गोठ बनाउदा ध्यान दिनुपर्ने कुराहरु बताउन लगाउने<br>- पशुपंक्षीलाई स्वस्थकर आहारको प्रकार र नाम भन्न लगाउने<br>- पशुपंक्षी तथा तिनीहरुको प्रजनन प्रणाली बारे बताउन लगाउने | |
| ६. स्थानीय आर्थिक क्रियाकलाप | - कृषि तथा पशु पकेट क्षेत्र पहिचान तथा निर्धारण बारे बताउन<br>- परम्परागत सिपको आधारभूत कुराहरु बताउन<br>- स्थानीय व्यापार व्यावसायको बारे बताउन<br>- बिक्रेता र उपभोक्ताका सम्बन्ध बारे बताउन<br>- स्थानीय जडिबुटिको बारे बताउन<br>- बचतको परिचय दिन | - कृषि तथा पशु पकेट क्षेत्र निर्धारणका क्षेत्र र प्रकारहरु<br>- सिप विकासमा आधारभूत कुराहरु<br>- स्थानीय विभिन्न व्यापार तथा व्यवसायहरु<br>- विक्रेता र उपभोक्ताका सम्बन्धहरु<br>- वचतको परिचय<br>- स्थानीय बिक्रि वितरण तथा बजार | - कृषि तथा पशुलाई व्यवसायीकरण र उत्पादनमुखी वनाउने पकेट क्षेत्रका निर्धारण बारे छलफल गरिनेछ<br>- परम्परागत सिप विकासमा भई रहेको गतिविधिमा भ्रमण अवलोकन गराइ आधारभूत सीप बारे छलफल गरिनेछ<br>- स्थानीय विभिन्न व्यवसाय तथा पसलको भ्रमण गराई बिक्रेता र उपभोक्ता बीचको सम्बन्ध बारे बताईनेछ | - कृषि तथा पशु पकेट क्षेत्र निर्धारण गर्ने आधारहरु के-के हुन्?<br>- परम्परागत सिपका आधारभूत कुराहरु के- के हुन ?<br>- स्थानीय पसल तथा व्यवसाय बारे बताउनुहोस।<br>- बिक्रेता र उपभोक्ताका सम्बन्ध कस्तो हुनुपर्छ?<br>- स्थानीय स्तरमा पाईने जडिबुटिको बारेमा बताउनुहोस् | १६ |

| क्षेत्र/ एकाइ | सिकाइ उपलब्धी | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | - स्थानीय बिक्री वितरण तथा बजार बारे बताउन । | | - स्थानीयस्तरमा चिराइतो, पाखनवेद, लिम्चुङ्बुङ तेजपत्ता\ सिनकौली, तितेपाती, हर्रो, बर्रो, अमला लगायतका जडिबुटीहरु बारे छलफल गरि सूची संकलन तथा प्रस्तुतीकरण र सहजीकरण गरिनेछ।<br>- अनावश्यक खर्चलाई घटाई बचतको कुरालाई परिचयात्मक छलफल गरिनेछ।<br>- स्थानीय बिक्रि वितरण तथा हाट वजारवारे जानकारी गराउने तथा अवलोकन भ्रमण गराउने | - बचत के लाई भनिन्छ?<br>- स्थानीय बिक्रि वितरण तथा हाट बजार बारे बताउन लगाउने | |
| ७. जोखिम व्यवस्थापन | - जोखिमको परिचय दिन<br>- विद्यालय क्षेत्र र घरभित्रका जोखिमका संभावित पक्षहरु बताउन<br>- जोखिम न्युनीकरणका विद्यालय क्षेत्रभित्र रहेका उपायहरु बताउन<br>- घर तथा विद्यालय भित्र हुने जोखिमको अवस्थामा प्रतिकारात्मक कार्य गर्न सावधानी अपनाउन | - घर तथा विद्यालय भित्र रहेका संभावित जोखिम अवस्था<br>- जोखिमसँग सम्बन्धित सन्दर्भ सामग्री<br>- विद्यालय तथा घर भित्रका विभिन्न स्थान तथा परिवेश | - जोखिमको परिभाषा दिने<br>- जोखिम हुने अवस्था देखाई संभावित जोखिम बताईदिने<br>- जोखिम प्रतिकारात्मक कार्यको नमूना कार्य गर्न अभ्यास गराउने<br>- विद्यालय तथा घर भित्र हुने जोखिम संभावनाको चार्ट बनाई वा POWER POINT PRESENTATION गराई जानकारी गराउने | - जोखिम भनेको के हो भन्न लगाउने<br>- घर तथा विद्यालय भित्र हुने जोखिमको सूची बनाउन लगाउने<br>- जोखिमबाट बच्ने उपायहरु भन्न लगाउने<br>- जोखिम न्यूनीकरणका उपायहरु बताउन लगाउने<br>- जोखिम प्रतिकारात्मक कार्य गर्न लगाई अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने | १४ |

## ५.२ कक्षा-७ विषयवस्तुको बिस्तृतीकरण

| क्षेत्र/एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो लिम्चुङबुङ | • लिम्चुङबुङ (सुन्तारी) को उपयोगिता बताउन<br>• जिल्लाको नक्सा कोर्न र आफ्नो गाउँपालिकाका मुख्य मुख्य स्थान , नदी,धार्मिक स्थल.. देखाउन<br>• गाउँपालिकाका गौरवका आयोजनाहरुको परिचय दिन<br>• गाउँपालिकाका गौरवका आयोजना मध्ये आफ्नो गाउँ तथा टोलमा संचालनमा आएका र नयाँ आयोजनाको जानकारी दिन<br>• गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधाको बारेमा भन्न | • लिम्चुङबुङ (सुन्तारी) , औषधि जन्य प्रयोग<br>• जिल्लाको नक्सा र आफ्नो गाउँपालिकाका अन्य मुख्य मुख्य स्थान, नदी ,धार्मिक स्थल..<br>• गाउँपालिकाका गौरवका आयोजनाको परिचय<br>• लिम्चुङबुङ गाउँपालिकाका गौरवका आयोजना मध्ये आफ्नो गाउँ तथा टोलमा संचालनमा आएका र नयाँ आयोजनाको जानकारी<br>• लिम्चुङबुङ गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधा | • लिम्चुङबुङ (सुन्तारी) संकलन गरी लिम्चुङबुङ तेलको औषधि जन्य प्रयोग बारे बताउने<br>• नक्सा बनाउने विभिन्न विधिको प्रयोग गरी उदयपुर जिल्लाको नक्सा कोर्ने अभ्यास गराउने<br>• जिल्लाको नक्सामा आफ्नो गाउँपालिका तथा जिल्ला भित्रका अन्य गा.पा. भित्र पर्ने मुख्य मुख्य स्थान, नदी , धार्मिक तथा पर्यटकीय स्थलहरु.. संकेतमा देखाउने अभ्यास गराउने<br>• आफ्नो गा.पा.का गौरवका आयोजनाको परिचय दिने<br>• आयोजना संचालनमा स्थानीय समुदायको भूमिका बारे छलफल गराउने<br>• गाउँपालिकाका गौरवका आयोजना मध्ये आफ्नो गाउँ तथा टोलमा संचालनमा आएका र नयाँ आयोजनाको जानकारी दिने<br>• उक्त आयोजनाबाट हुने फाइदाको बारेमा जानकारी गराउने<br>• गाउँपालिकाबाट प्राप्त हुने सेवा सुविधाका बारेमा गाउँपालिकाका प्रतिनिधिलाई आमन्त्रण गरी जानकारी दिन लगाउने | • लिम्चुङबुङ (सुन्तारी) को उपयोगिता भन्न लगाएर<br>• लिम्चुङबुङ तेलको प्रयोग कुन औषधिको रुपमा गरिन्छ भन्न लगाएर<br>• उदयपुरको नक्सा कोर्न लगाएर<br>• जिल्लाको नक्सामा मुख्य मुख्य स्थान , नदी , धार्मिक स्थल तथा पर्यटकीय स्थलहरुलाई संकेतमा देखाउन सके नसकेको अवलोकन गरेर<br>• आफ्नो गा.पा गौरवका आयोजनाहरुको परिचय दिन लगाएर<br>• आयोजना संचालनमा स्थानीय समुदायको भूमिका भन्न लगाएर<br>• गा.पा. आयोजनाबाट हुने फाइदा भन्न लगाएर<br>• गाउँपालिकाबाट प्राप्त हुने सेवा सुविधा भन्न लगाएर | २२ |

| क्षेत्र/एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| तरकारी तथा फलफूल खेती | • माटोको रासायनिक, अम्लीयपन, क्षारीयपन बताउन<br>• विरुवा उत्पादनमा आधुनिक तथा परम्परागत विधि बारे बताउन<br>• व्यवसायिक तरकारी तथा फलफूल उत्पादनका फाइदाहरु बताउन<br>• व्यवसायिक तरकारी तथा फलफूल खेतीको लागि स्थानीय तहबाट हुने सहयोग बारे बताउन<br>• तरकारी तथा फलफूल उकेर्ने तथा भण्डारण गर्ने परम्परागत तथा आधुनिक प्रविधि बताउन<br>• तरकारी तथा फलफूल खेतीमा आवश्यक प्राङ्गारिक मल बनाउने विधि बताउन | • माटो जाँच तथा यसका गुणहरु<br>• बागवानी तथा विरुवा उत्पादन सम्बन्धी छलफल<br>• व्यवसायिक एग्रो फर्महरू<br>• व्यवसायिक तरकारी तथा फलफूल खेतीका लागि स्थानीय तहबाट हुने सहयोग (नागरिक वडा पत्र)<br>• पोस्ट हार्भेस्टीङ (PostHarvesting) :-<br>- बाली उकेर्ने<br>- बाली भण्डारण<br>• प्राङ्गारिक मल :-<br>- जैविक वस्तु कुहेर<br>- स्याउला, पात पतिङ्गार<br>……… | • माटोको अम्लीय, क्षारीय गुणहरु बताउने<br>• विरुवा उत्पादनको आधुनिक प्रविधि तथा परम्परागत प्रविधि बताउने<br>• व्यावसायिक तरकारी तथा फलफुल उत्पादनका फाइदाहरु बताउने<br>• व्यावसायिक फर्म संचालनका लागि आवश्यक सहयोग बारे बताउने<br>• पोस्ट हार्भेस्टीङ, उकेर्ने र भण्डारण बारे बताउने<br>• तरकारी र फलफूल खेतीमा आवश्यक प्रांङगारिक मल बनाउने विधि, प्रक्रिया बारे बताउने तथा क्षेत्र भ्रमण गराउने | • माटोको गुण बारे बताउन लगाउने<br>• आधुनिक र परम्परागत विरुवा उत्पादनमा फरक बताउन लगाउने<br>• व्यवसयिक तथा फलफूल उत्पादनको फाइदाहरु बताउन लगाउने<br>• व्यवसायिक तरकारी तथा फलफूल खेतीको लागि स्थानीय तहबाट हुने सहयोग बारे भन्न लगाउने<br>• तरकारी तथा फलफूल उकेर्ने तथा भण्डारण गर्ने परम्परागत तथा आधुनिक प्रविधि बारे तुलनात्मक फरक भन्न लगाउने<br>• तरकारी तथा फलफूल खेतीमा उपयुक्त हुने प्रांगारिक मल बनाउने विधि तथा प्रक्रिया बताउन लगाउने | १८ |
| | • गाउँपालिकाभित्र बसोबास गर्ने विभिन्न जातजातिको भेषभूषा र चाडपर्वको परिचय र महत्व बताउन | • गाउँपालिकाभित्र बसोबास गर्ने विभिन्न जातजातिको भेषभूषा र उनीहरुले मान्ने धर्म, संस्कृति चाडपर्व | • गाउँपालिकाभित्र बसोबास गर्ने विभिन्न जातजातिको भेषभूषा र उनीहरुले अवलम्बन गरेका धर्म, संस्कृति र चाडपर्वको बारेमा जानकारी गराउने | • आफ्नो समुदायमा बसोबास गर्ने मानिसहरुको भेषभूषा र उनीहरुले मान्ने चाडपर्वको सूची बनाउन लगाउने | २१ |

| क्षेत्र/एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| भाषा, धर्म, कला, संस्कृति र परम्परागत रीतिरिवाज | • विभिन्न जातजातिहरुको धर्म संस्कृतिको परिचय र महत्व बताउन<br>• विविध संस्कृतिहरुको अतिथि सत्कारको परिचय दिन र यसको महत्व बताउन<br>• आफ्नो समुदायको जन्म, मृत्यु र विवाह संस्कारको विधि बताउन | • विभिन्न जातजातिको धर्म संस्कृतिको परिचय र महत्व<br>• अतिथि सत्कारका विविध संस्कृतिहरुको अभ्यासहरु र यसको महत्व<br>• आफ्नो समुदायको जन्म ,मृत्यु र विवाह संस्कार | • विभिन्न जातजातिहरुको धर्म संस्कृतिको परिचय र महत्वका विषयमा बालबालिकाहरुलाई जानकारी गराउने<br>• जन्म,मृत्यु र विवाह संस्कार भईरहेकोसमयमा बालबालिकाहरुलाई प्रत्यक्ष अवलोकन गराई जन्म,मृत्यु र विवाह संस्कारको विधिबारे जानकारी गराउने<br>• अतिथि सत्कारका विविध संस्कृतिहरुको महत्त्वका बारेमा जानकारी गराउने | • विभिन्न जातजातिहरुको धर्म संस्कृतिको परिचय र महत्वबारे भन्न लगाउने<br>• अतिथि सत्कारका विविध संस्कृतिहरुको विषयमा भन्न लगाउने<br>• आफ्नो समुदायका जन्म,मृत्यु, विवाह संस्कारको विधिको बारेमा बताउन लगाउने | |
| पर्यटन र पुरातात्विक सम्पदा पर्यटन र पुरातात्विक सम्पदा पर्यटन र पुरातात्विक सम्पदा | • गाउँपालिका भित्रका पर्यटकीय क्षेत्र तथा स्थलको महत्व<br>• पर्यटकीय विशेषताहरु तथा क्षेत्रहरु बारे बताउन<br>• नजिकको स्थानीय तहमा रहेको पर्यटकीय क्षेत्र विकासमा हाम्रो भूमिका भन्न<br>• होम स्टेको फाइदा र महत्व बताउन<br>• पर्यटन व्यवसायलाई आर्थिक उपार्जनका लागि फाइदा बताउन | • पर्यटकीय क्षेत्र उल्लेख<br>• क्षेत्रगत विशेषताहरु<br>• बाटाघाटाहरु<br>• सम्बन्धित क्षेत्रको चित्र / तस्विरहरु<br>• महत्वपूर्ण पक्षहरु<br>• हाम्रा भूमिकाहरु<br>• होम स्टेका फाइदा र महत्व<br>• आर्थिक उपार्जनमा पर्यटन व्यवसायका फाइदाहरु<br>• सुनकोशी जल पर्यटन र यसका महत्त्वहरु | • गाउँपालिकाको पर्यटकीय तथा पुरातात्विक क्षेत्रहरु उल्लेख गरी क्षेत्रगत विशेषताहरुको छलफल गरी जानकारी दिने (क्षेत्रगत भन्नाले गाउँ, जंगल, खोला , खोल्सा, उच्च डाँडा वा समथर फेदी , ककनी, गाईखुर ........)<br>• पर्यटकीय क्षेत्रहरुमा पुग्ने सडक बाटो, गोरेटो बाटोको अवस्थिति बताउने<br>• ऐतिहासिक क्षेत्रसँग सम्बन्धित चित्र तस्विरहरु प्रदर्शन गर्ने र ऐतिहासिक क्षेत्रको क्षेत्रगत भ्रमण गराउने | • पर्यटकीय क्षेत्रको महत्व बताउनुहोस् ।<br>• हाम्रो गाउँपालिकामा पर्यटकीय क्षेत्रगत विशेषताहरु के-के रहेका छन् ?<br>• गाउँपालिकामा रहेका पर्यटकीय स्थलहरु कुन-कुन हुन् ?<br>• पुरातात्विक सम्पदाहरुको विकासमा हाम्रो भूमिका बताउन लगाउने<br>• पर्यटकीय क्षेत्रमा होम स्टेका फाइदाहरु के-के हुन् ?<br>• सुनकोशी जल पर्यटनको महत्वहरु बताउनुहोस् । | २१ |

| क्षेत्र/एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | • सुनकोशी जल पर्यटनको महत्व बताउन | | • पर्यटकीय क्षेत्र तथा पुरातात्विक सम्पदाको महत्त्व र विकासमा हाम्रो भूमिका बारे अन्तरक्रिया गर्ने<br>• आर्थिक उपार्जनमा होम स्टेका फाइदा र महत्वको बारेमा बताउने<br>• सुनकोशी जल पर्यटन र यसका महत्त्वबारे बताउने | | |
| पशुपालन तथा व्यवसाय | • व्यवसायिक पशुपालनको वर्गीकरण बारे बताउन<br>• व्यवसायिक पशुपालनका फाइदा तथा चुनौतीहरु बताउन<br>• पशुपन्छीलाई विभिन्न जटिल रोगका लक्षण तथा प्राथमिक उपचार बारे बताउन<br>• व्यवसायिक गोठ तथा खोर निर्माण र यसको प्राविधिक महत्त्वबारे बताउन<br>• स्थानीय स्रोत साधन र उत्पादनको प्रयोग गरी स्वस्थकर पशु आहार निर्माण गर्न | • व्यवसायिक पशुपालनको वर्गीकरण र प्रकार<br>• व्यवसायिक पशुपालनका फाइदा र त्यसका चुनौतीहरु<br>• पशुपन्छीलाई लाग्ने विभिन्न जटिल रोगका लक्षणहरु तथा प्राथमिक उपचार<br>• व्यवसायिक गोठ तथा खोर निर्माण र यसको प्राविधिक महत्त्व<br>• स्थानीय स्रोत साधन परिचालन तथा स्वस्थकर पशु आहार निर्माण<br>• स्थानीय स्तरमा आर्थिक गतिविधि<br>• उन्नत जातको पशुपन्छी बिकासमा नश्ल सुधार | • व्यवसायिक पशुपालनको वर्गीकरण र प्रकार बताउने<br>• व्यवसायिक पशुपालनका फाइदा र व्यवसाय गर्दा सम्भावित चुनौतीहरु बताउने<br>• पशुपन्छीलाई लाग्ने विभिन्न जटिल रोगका लक्षणहरु तथा प्राथमिक उपचार गर्दा ध्यान दिनुपर्ने तरिकाहरु बताउने र भन्न लगाउने<br>• व्यवसायिक गोठ तथा खोर निर्माणमा ध्यान दिनुपर्ने कुराहरुको प्राविधिक ज्ञान दिने<br>• उचित गोठ बनाउनुको फाइदा र महत्व बारे बताउने<br>• स्थानीय स्रोत साधन र उत्पादनको प्रयोग गरी स्वस्थकर पशुआहार निर्माण गरेको नजिकैको फर्ममा लगी अवलोकन र टिपोट गर्न लगाउने | • व्यवसायिक पशुपालनको वर्गीकरण बारे बताउने<br>• व्यवसायिक पशुपालनका गर्नुको फाइदाहरु र व्यवसाय गर्दा सम्भावित चुनौतीहरु बताउन लगाउने<br>• पशुपन्छीलाई लाग्ने रोगका प्रकार र लक्षणहरु भन्न लगाउने<br>• रोगको लक्षण अनुरुप प्राथमिक उपचार गर्ने विधिहरु भन्न लगाउने<br>• व्यवसायिक गोठ तथा खोर निर्माणमा गर्दा ध्यान दिनुपर्ने कुराहरुको प्राविधिक कुराहरु बताउन लगाउने<br>• उचित गोठ तथा खोर बनाउदा त्यसको फाइदा र महत्व बताउन लगाउने | १६ |

| क्षेत्र/एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | • स्थानीय स्तरमा पशुपन्छी बिक्री वितरण गर्ने हाट बजारको जानकारी दिन<br>• पशुपन्छीको नक्ष सुधार सम्वन्धी बताउन | | • स्थानीय स्तरमा पशुपन्छी बिक्री वितरण गर्ने स्थल तथा हाट बजारको भ्रमण तथा अवलोकन गराउने | • स्वस्थकर पशुआहार निर्माण गर्ने विधि तथा प्रक्रियाहरु बताउन लगाउने<br>• स्वस्थकर पशुआहार पशुलाई दिँदाका फाइदाहरु बताउन लगाउने | |
| स्थानीय आर्थिक क्रियाकलाप | • गाउँपालिका भित्रका कृषि पकेट क्षेत्रको महत्व तथा फाइदाहरु बताउन<br>• स्थानीय सिपको प्रयोग गरी सामग्री उत्पादन गर्न<br>• पसल तथा होटल व्यवसायको महत्त्व तथा फाइदा बताउन<br>• पालिकाभित्र पाइने विभिन्न प्रकारका जडिबुटीहरुको महत्व बताउन र संरक्षण गर्न<br>• बचत तथा सहकारी संस्था बारे बताउन<br>• उपभोक्ता सचेतनाको परिचय दिन<br>• स्थानीय बिक्री वितरण तथा बजार बारे बताउन | • कृषि पकेट क्षेत्रको महत्त्व तथा फाइदाहरुको बारेमा जानकारी<br>• स्थानीय सिपको प्रयोग गरी निर्माण गरिएका सामाग्रीहरु र ती सामग्री निर्माणमा प्रयोग भएका कच्चा पदार्थहरु (बाँस, काठ, ढुङ्गा )<br>• पसल तथा होटलको भ्रमण, अवलोकन, साथै पसल तथा होटल व्यवसायको महत्त्व र फाइदा बारे जानकारी<br>• पालिका भित्र पाइने विभिन्न जडिबुटीहरुको नाम र महत्त्वबारे जानकारी<br>• बचत तथा सहकारी संस्थाबाट प्राप्त हुने सेवा, सुविधा सम्बन्धि जानकारी<br>• उपभोक्ता सचेतनाको परिचय<br>• स्थानीय हाटबजार | • कृषि पकेट क्षेत्रको महत्त्व तथा फाइदाहरुका विषयमा जानकारी दिन गा.पा. भित्र संचालनमा रहेका विभिन्न कृषि पकेट क्षेत्रको भ्रमण अवलोकन गराउने<br>• विभिन्न किसिमका सामाग्रीहरु जस्तै :- डोरी,कुचो,नाम्लो, डोको, डालो आदि निर्माण गर्न प्रेरित गर्ने<br>• पालिकाभित्र पाइने जडिबुटीहरुको पहिचान गरी बालबालिकाहरुलाई खोजी गर्न लगाउने<br>• बचत तथा सहकारी संस्थाबाट प्राप्त हुने सेवा , सुविधा सम्बन्धि जानकारी गराउने<br>• उपभोक्ता सचेतना सम्बन्धि जानकारी गराउने<br>• स्थानीय स्तरमा संचालित हाट बजारको जानकारीका लागि बजार संचालन भइरहेको समयमा बालबालिकाहरुलाई क्षेत्रगत भ्रमण गराउने | • गा.पा. भित्र संचालनमा रहेका विभिन्न कृषि पकेट क्षेत्रको बारेमा उल्लेख गर्नुहोस् ।<br>• प्रत्येक बालबालिकालाई कुचो तयार गर्न लगाउने<br>• पसल तथा होटल व्यवसायको महत्त्व तथा फाइदाहरु उल्लेख गर्नुहोस् ।<br>• पालिकाभित्र पाइने विभिन्न प्रकारका जडिबुटीहरुको सूची बनाउनुहोस् ।<br>• बचत तथा सहकारी संस्था भनेको के हो ?<br>• उपभोक्ता सचेतना भनेको के हो ?<br>• स्थानीय विक्रिवितरण तथा बजार बारे बताउनुहोस् । | १६ |

| क्षेत्र/एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विस्तृतिकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| जोखिम व्यवस्थापन | • जोखिमका प्रकारहरु बताउन<br>• समुदाय क्षेत्र भित्रका सम्भावित जोखिमको पहिचान गर्न<br>• समुदायका सम्भावित जोखिम न्यूनीकरणका उपायहरु बताउन<br>• समुदायभित्रका (आगलागी, दुर्घटना, प्रकोप, महामारी जस्ता जोखिमको व्यवस्थापन बारे बताउन<br>• जोखिम प्रतिकारात्मक कार्य गर्न | • समुदाय, अवस्थिति<br>• जोखिम न्यूनीकरणका विभिन्न कार्यक्रम<br>• आगलागी, दुर्घटना, चट्याङ, विजुली, भूकम्प, सम्बन्धि जानकारी<br>• पत्रपत्रिका तथा विभिन्न स्रोत सामाग्रीहरु | • जोखिमका प्रकारहरु बताई दिने<br>• समुदायमा भएका र हुन सक्ने सम्भावित जोखिमका अवस्थाहरु बताउने<br>• सम्भावित जोखिम न्यूनीकरणका उपायहरुको बारेमा जानकारी गराउने<br>• समुदायमा आइपर्ने जोखिमहरू व्यवस्थापन गर्ने नमूना कार्य गराई अवलोकन गरी पृष्ठपोषण दिने<br>• प्रतिकारात्मक कार्यको अभ्यास गराउने र अवलोकन गरी पृष्ठपोषण दिने | • जोखिम कति प्रकारका हुन्छन् भन्न लगाउने<br>• आफ्नो समुदायमा आइपर्न सक्ने प्राकृतिक जोशिम भन्न लगाउने<br>• जोखिम न्यूनीकरणका उपायहरुको सूची बनाउन लगाउने<br>• जोखिम व्यवस्थापनका तथा प्रतिकारात्मक कार्यका नमूना कार्य गर्न लगाउने | १४ |

## ५.३ कक्षा ८ विषयवस्तुको बिस्तृतीकरण

| क्षेत्र/एकाइ | सिकाइ उपलब्धी | मुख्य विषयवस्तु र विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्यांकन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो लिम्चुङ्बुङ | • लिम्चुङ्बुङको सांस्कृतिक महत्त्व बताउन<br>• लिम्चुङ्बुङ (सुन्तारी) आर्थिक फाइदा बताउन<br>• प्रदेशको नक्सा कोर्न र आफ्नो जिल्ला गा.पा. का मुख्य मुख्य स्थानहरु देखाउन<br>• लिम्चुङ्बुङ गाउँपालिकाको विगत र वर्तमान अवस्था बारे बताउन<br>• गाउँ कार्यपालिकाको गठन प्रक्रिया र काम कर्तव्य र अधिकार बारे बताउन | • लिम्चुङ्बुङको सांस्कृतिक महत्व<br>• प्रदेशको नक्सा निर्माण र आफ्नो जिल्ला, गाउँपालिका र मुख्य मुख्य स्थान र घटना<br>• लिम्चुङ्बुङ गाउँपालिकाको विगत र वर्तमान (पञ्चायत, गा.वि.स. र गाउँपालिका भए सम्मको अवस्था<br>• गाउँ कार्यपालिकाको गठन प्रक्रिया र काम कर्तव्य र अधिकार | • लिम्चुङ्बुङ (सुन्तारी) फूलको साँस्कृतिक मिथक सुनाउने (विनायो फिल्मको वर्णन गरेर/ देखाएर )<br>• नक्सा बनाउने विधि अनुसार प्रदेशको नक्सा कोर्ने अभ्यास गराउने<br>• प्रदेश तथा आफ्नो जिल्ला र गाउँपालिकाका मुख्य मुख्य घटना तथा स्थानलाई नक्सा तथा समय रेखामा देखाउने अभ्यास गराउने<br>• चित्र तथा पोस्टर, पावरपोइन्ट (PowerPoint) बाट लिम्चुङ्बुङ गाउँपालिकाको विगत र वर्तमानको जानकारी गरेर<br>• गाउँ कार्यपालिकाको गठन प्रक्रिया र काम कर्तव्य र अधिकार बारे बताउने | • लिम्चुङ्बुङको सांस्कृतिक,आर्थिक महत्त्व बताउन लगाउने<br>• प्रदेशको नक्सा कोरेको अवलोकन गरेर<br>• प्रदेश तथा आफ्नो जिल्ला र गाउँपालिकाका मुख्य मुख्य घटना तथा स्थानलाई नक्सा तथा समय रेखामा देखाउन लगाई अवलोकन गरेर<br>• लिम्चुङ्बुङ गाउँपालिकाको विगत र वर्तमानको परिचय दिन लगाएर<br>• गाउँ कार्यपालिकाको गठन प्रक्रिया उल्लेख गर्नुहोस् । | २२ |
| तरकारी तथा फलफूल खेती | • माटो परीक्षणको साधन PhScale बारे बताउन<br>• फलफूल खेतीका आधुनिक प्रविधि : मल्चिङ, श्री जी कटिङका फाइदाहरु बताउन<br>• स्थानीय कृषि शाखा तथा कृषि ज्ञान केन्द्रबाट हुने प्राविधिक तथा आर्थिक सहयोग बताउन | • माटो परीक्षणको PhScale<br>• फलफूल खेतीका आधुनिक प्रविधिहरु<br>• व्यावसायिक तथा स्थानीय तहबाट प्राप्तहुने प्राविधिक तथा आर्थिक सहयोग<br>• चिस्यान केन्द्रको आवश्यकता र महत्त्व | • फलफूल खेती र माटो परीक्षण विधि र PhScale विधि बारे बताउने<br>• फलफूल तथा तरकारी खेतीका आधुनिक प्रविधि :- (टनेला खेती, कौसी खेती, 3G कटिङ) बारे बताउने<br>• नागरिक वडापत्र मार्फत आर्थिक तथा प्राविधिक सहयोग बताउने | • माटो परीक्षणको साधन बनाउन लगाउने<br>• आधुनिक फलफूल तथा तरकारी खेती बारे बताउन लगाउने<br>• स्थानीय कृषि शाखा तथा कृषि ज्ञान केन्द्रबाट प्राप्त हुने सहयोग बारे बताउने<br>• चिस्यान केन्द्रको आवश्यकता तथा महत्त्व बताउने | १८ |

| क्षेत्र/एकाइ | सिकाइ उपलब्धी | मुख्य विषयवस्तु र विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्यांकन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | • तरकारी तथा फलफूल लामो समय सम्म भण्डारण गर्ने परम्परागत चिस्यान केन्द्र बनाउने विधि र व्यवस्थापन बारे बताउन<br>• तरकारी तथा फलफूल खेती गर्न आवश्यक जैविक विषादी बनाउने विधि बारे बताउन | • तरकारी तथा फलफूलको लागि जैविक विषादी | • चिस्यान केन्द्रको आवश्यकता तथा महत्त्व बताउने । आफ्नो पायक पर्ने ठाउँमा रहेको चिस्यान केन्द्रको अवलोकन गराउने<br>• जैविक विषादी बनाउने विधि नजिकैको कृषि फर्ममा अवलोकन गरी सिकाउने | • जैविक विषादी बनाउने विधि बताउन लगाउने | |
| भाषा, धर्म, कला, संस्कृति र परम्परागत रीतिरिवाज | • गा.पा. भित्र बसोबास गर्ने जातजातिको भेषभूषा र चाडपर्वको परिचय,महत्त्व र प्रवर्द्धनका उपायहरु बताउन<br>• विभिन्न जातजातिले मान्ने धर्म तथा संस्कृतिको ऐतिहासिक पृष्ठभूमि र प्रवर्द्धन उपायहरु बताउन<br>• अतिथि सत्कारका विविध संस्कृतिका अभ्यासहरु अभिनय गरी प्रदर्शन गर्न<br>• आफ्नो समुदायका जन्म , मृत्यु, विवाह संस्कारको प्रक्रिया बारे बताउन | • गा.पा. भित्र बसोबास गर्ने जातजातिको भेषभूषा र चाडपर्वको परिचय,महत्त्व र प्रवर्द्धनका उपायहरु<br>• विभिन्न जातजातिले मान्ने धर्म तथा संस्कृतिको ऐतिहासिक पृष्ठभूमि र प्रवर्द्धनका उपायहरु<br>• अतिथि सत्कारका विविध संस्कृतिका अभ्यासहरु<br>• आफ्नो समुदायका जन्म , मृत्यु, विवाह संस्कारको प्रक्रिया | • गा.पा. भित्र बसोबास गर्ने जातजातिको भेषभूषा र चाडपर्वको परिचय, महत्त्व र प्रवर्द्धनका उपायहरु बारेमा बालबालिकाहरुलाई जानकारी गराउने<br>• विभिन्न जातजातिले मान्ने धर्म तथा संस्कृतिको ऐतिहासिक पृष्ठभूमि र प्रवर्द्धनका उपायहरु बारेमा जानकारी गराउने<br>• अतिथि सत्कारका विविध संस्कृतिका अभ्यासहरु बारे अभिनयमार्फत बालबालिकाहरुलाई अभ्यास गराउने<br>• आफ्नो समुदायका जन्म , मृत्यु, विवाह संस्कारमा हुने प्रक्रियाको बारेमा जानकारी दिनका लागि जन्म , मृत्यु, विवाह संस्कार भएको समयमा प्रत्यक्ष अवलोकन गराउने | • आफ्नो गा.पा. भित्र बसोबास गर्ने जातजातिको भेषभूषा र चाडपर्वको परिचय दिन लगाउने<br>• गाउँपालिका भित्र बसोवास गर्ने जातजातिले मान्ने धर्म तथा संस्कृतिको ऐतिहासिक पृष्ठभूमि र प्रवर्द्धनका उपायहरु बताउन लगाउने<br>• अतिथि सत्कारका विविध संस्कृतिका अभ्यासहरु अभिनय गरी प्रदर्शन गर्न लगाउने<br>• आफ्नो समुदायका जन्म , मृत्यु, विवाह संस्कारको प्रक्रिया बारे उल्लेख गर्नुहोस् । | २१ |

| क्षेत्र/एकाइ | सिकाइ उपलब्धी | मुख्य विषयवस्तु र विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्यांकन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| पर्यटन र पुरातात्विक सम्पदा | • पर्यटकीय तथा ऐतिहासिक र पुरातात्विक क्षेत्रका प्रवर्द्धनका उपायहरु बताउन<br>• ऐतिहासिक पृष्ठभूमि बताउन<br>• पर्यटनका फाइदाहरु बताउन<br>• पर्यटन तथा पुरातात्विक सम्पदामा विकास तथा संरक्षण बारे बताउन<br>• होमस्टे प्रवर्द्धन आर्थिक लगानी र व्यावसायीकरणका उपायहरु बताउन<br>• सुनकोशी जल पर्यटनका सम्भाव्यता तथा प्रवर्द्धन बारे बताउन | • गाउँपालिका भित्रका पर्यटकीय तथा ऐतिहासिक पुरातात्विक स्थलहरुको संरक्षण तथा सम्वर्द्धनका उपायहरु<br>• ऐतिहासिक तथा किंवदन्तीमा आधारित पृष्ठभूमि<br>• पर्यटन क्षेत्रको फाइदाहरु<br>• पर्यटन क्षेत्रमा गा.पा.को गतिविधि<br>• पर्यटकीय तथा ऐतिहासिक स्थलहरुको विकास र प्रवर्द्धनमा भूमिका<br>• आर्थिक लगानी पर्यटन व्यावसायिकताका लागि होम स्टेको प्रवर्द्धन<br>• सुनकोशी जल पर्यटन तथा सम्भावना तथा प्रवर्द्धन | • गाउँपालिका भित्रका पर्यटकीय तथा ऐतिहासिक पुरातात्विक क्षेत्रहरु संरक्षण तथा सम्बर्द्धनका उपायहरु बारे छलफल गर्ने<br>• ऐतिहासिक तथा किंवदन्तीमा आधारित पृष्ठभूमि बारे बताउने<br>• पर्यटन क्षेत्रको फाइदाहरु बारे छलफल गर्ने<br>• गाउँपालिकाको पर्यटन क्षेत्रको कार्य विवरण बारे छलफल गर्ने<br>• पर्यटकीय तथा पुरातात्विक स्थलहरुको विकास तथा संरक्षणमा हाम्रो भूमिका सम्बन्धी समूहगत छलफल तथा टिप्पणी लेख्न कार्य गर्ने<br>• होम स्टे संचालक तथा पर्यटन व्यावसायिहरु समेत संलग्न हुने गरी आर्थिक लगानी र प्रवर्द्धनका लागि क्षेत्र भ्रमण गराउने<br>• सुनकोशी नदीमा जल पर्यटन विकास तथा प्रवर्द्धन बारे स्थलगत भ्रमण गरी छलफल गराउने | • ऐतिहासिक तथा पुरातात्विक सम्पदाको संरक्षण तथा संवर्द्धन गर्ने उपायहरु के-के हुन् ?<br>• आफूलाई थाहा भएको कुनै एक स्थल बारे किंवदन्ती तथा ऐतिहासिकतामा आधारित रही बनाउनुहोस् ।<br>• गाउँपालिकाद्वारा पर्यटन क्षेत्रमा भएको कार्यहरु बताउनुहोस् ।<br>• पर्यटकीय ऐतिहासिक स्थलमा संरक्षणमा हाम्रो भूमिका के-के रहन्छ ?<br>• होम स्टे प्रवर्द्धनका उपायहरु के-के हुन् ?<br>• पर्यटनलाई व्यवसायीकरण कसरी गर्न सकिन्छ ?<br>• जल पर्यटनको प्रवर्द्धनका उपायहरु बनाउनुहोस् । | २१ |
| पशुपालन तथा व्यवसाय | • व्यवसायिक पशु फर्मको दर्ता विधि तथा प्रक्रिया बताउन<br>• व्यवसायिक पशुपालनका चुनौतीहरु बताउन | • पशु फर्मको दर्ता प्रक्रिया<br>• पशुपालन व्यवसायमा आइपर्ने चुनौती तथा निराकरणका उपायहरु | • पशु फर्मको दर्ता प्रक्रिया बारे बताउन<br>• पशुपालन व्यवसायमा आइपर्ने चुनौती तथा निराकरणका उपायहरु बताउन | • पशु फर्मको दर्ता प्रक्रिया बारे बताउन लगाउने<br>• पशुपालन व्यवसायमा आइपर्ने चुनौती तथा निराकरणका उपायहरु बताउन लगाउने | १६ |

| क्षेत्र/एकाइ | सिकाइ उपलब्धी | मुख्य विषयवस्तु र विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्यांकन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | • व्यवसायिक गोठ तथा खोर निर्माण सम्बन्धि लागत अनुदान सहयोग गर्ने निकाय तथा प्रक्रिया बताउन<br>• आधुनिक पशु आहार बारे बताउन<br>• पशु जन्य उत्पादनको बजारीकरण बारे बताउन<br>• पशुपन्छीको नक्ष्र सुधार तथा त्यसका फाइदाहरु बताउन | • उत्पादनमूलक व्यावसायिक गोठ तथा खोर<br>• लागत अनुदान सहयोग गर्ने निकाय तथा प्रक्रियाहरु<br>• स्वस्थकर पशुआहार<br>• स्थानीय उत्पादनहरुको बजारीकरण<br>• पशुपन्छीको नक्ष्र सुधार र यसका फाइदा | • उत्पादनमूलक व्यवसायिक गोठ तथा खोर निर्माण सम्बन्धि लागत अनुदान सहयोग गर्ने निकाय तथा प्रक्रिया बताउने<br>• स्वस्थकर पशुआहार आवश्यक हुनाको कारण बताउने<br>• स्थानीय पशुजन्य उत्पादनहरुको बजारीकरणका उपायहरु बताउने<br>• पशुपन्छीको नक्ष्र सुधार तथा त्यसका फाइदाहरु बताउने | • उत्पादनमूलक व्यवसायिक गोठ तथा खोर निर्माण सम्बन्धी लागत सहयोग गर्ने निकाय र प्रक्रिया बताउन लगाउने<br>• स्वस्थकर पशुआहारको महत्त्व बताउन लगाउने<br>• स्थानीय पशुजन्य उत्पादनहरुको व्यापार तथा बजारीकरणका उपायहरु बताउन लगाउने<br>• पशुपन्छीको नक्ष्र सुधार तथा त्यसका फाइदाहरु बताउन लगाउने | |
| स्थानीय आर्थिक क्रियाकलाप | • कृषि तथा पशु पेशालाई व्यवसायीकरण र प्रवर्द्धन गर्ने उपायहरु बताउन<br>• पसल व्यवसाय संचालनका चुनौतिहरु बारे बताउन<br>• उपभोक्ता सचेतनाका फाइदाहरु बताउन<br>• पालिका भित्रका जडिबुटीको प्रशोधन बारे बताउन<br>• बचत सहकारी तथा बैंकिङ सेवा प्रक्रिया बताउन | • कृषि तथा पशु व्यवसायीकरण तथा प्रवर्द्धनका उपायहरु<br>• पसल व्यवसाय संचालनका चुनौतिहरु<br>• उपभोक्ता अधिकार सचेतनाका फाइदाहरु<br>• जडिबुटी संकलन तथा प्रशोधन<br>• बचत सहकारी र बैंकिङ सव प्रणाली<br>• स्थानीय कृषि तथा पशु जन्य उत्पादन<br>• बजारीकरणका लागि आन्तरिक तथा बाह्य बजार | • कृषिलाई व्यवसायीकरण बनाउने तथा प्रवर्द्धन गर्ने उपायहरु बताउने<br>• स्थानीय पसल तथा व्यवसाय संचालकहरु सँगको क्षेत्रमा भ्रमण तथा अवलोकन गरी व्यवसायका चुनौती बारे छलफल गर्ने<br>• विभिन्न चिज वस्तुको उपभोगमा उपभोक्ताहरुको अधिकार तथा सचेतनाका फाइदाहरु बारे छलफल गर्ने<br>• जडिबुटी संकलन तथा भण्डारण एवम् प्रशोधन छलफल गर्ने<br>• सहकारी तथा बैंकिङ बचत बारे बताउने | • कृषिलाई व्यवसायिक प्रवर्द्धन गर्ने उपायहरु के-के हुन् ?<br>• पसल तथा व्यवसाय संचालनका अप्ठ्यारा एवम चुनौतिहरु के के हुन् ?<br>• उपभोक्ता किन सचेत हुनुपर्छ ?<br>• उपभोक्ता सचेत हुँदाका फाइदा बताउनुहोस् ।<br>• जडिबुटी संकलन तथा भण्डारण एवम प्रशोधन गर्ने विधि बताउनुहोस् । | १६ |

| क्षेत्र/एकाइ | सिकाइ उपलब्धी | मुख्य विषयवस्तु र विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्यांकन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | • स्थानीय कृषि तथा पशु जन्य उत्पादनलाई विक्री वितरणका लागि बजारीकरण बारे बताउन, (आन्तरिक र बाह्य बजार) | | • स्थानीय स्तरमा कृषि तथा पशु जन्य उत्पादनहरुको आन्तरिक र बाह्य बजार बारे बताउने | • हाम्रो आम्दानीको केहि अंश वचतलाई कहाँ र कसरी राख्न सकिन्छ ?<br>• उत्पादित वस्तुलाई बजारीकरण गर्ने उपाय बताउनुहोस् । | |
| जोखिम व्यवस्थापन | • सम्भावित जोखिमको बारे बताउन<br>• मानवीय तथा प्राकृतिक जोखिमका सम्भावित क्षेत्रको बताउन<br>• प्राकृतिक जोखिम (भूकम्प, बाढीपहिरो, डढेलो, आगलागी ....... आदि बाट बच्ने उपाय बताउन<br>• विपद / जोखिम व्यवस्थापनका लागि आवश्यक सामग्रीको जोहो गर्न<br>• जोखिममा प्राथमिक उपचार गर्न | • सम्भावित जोखिम क्षेत्र<br>• विभिन्न स्रोत सामग्री<br>• भूकम्प, बाढीपहिरो, डढेलो, आगलागी,............<br>• विभिन्न छलफल<br>• प्राथमिक उपचार | • मानवीय जीवनमा आइपर्ने सम्भावित जोखिमको सूची बनाई बताई दिन<br>• प्राकृतिक जोखिमका सम्भावित पक्षहरु बताइदिन<br>• मानवीय क्रियाकलापबाट निर्मित हुने जोखिमहरूको सूची बनाई बताइदिने<br>• भूकम्प, बाढीपहिरो, डढेलो, आगलागी,... लगायतका प्रकोप जोखिम र त्यसको असर चार्ट बनाएर वा PowerPoint presentationबनाएर प्रदर्शन गर्ने<br>• जोखिम व्यावास्थापनका लागि आवश्यक पूर्व सामग्रीहरुको सूची बनाई प्रयोग विधि बताई दिने<br>• जोखिममा गरिने प्राथमिक उपचारको नमूना कार्य गराउने<br>• जोखिम न्यूनीकरणका उपायहरु बताउने<br>• जोखिम प्रतिकारात्मक कार्य नमूना प्रदशन गर्न लगाउने | • सम्भावित जोखिमहरू के-के हुन् ?<br>• मानवीय क्रियाकलापबाट हुने जोखिमहरू बताउन लगाउने<br>• भूकम्प, बाढीपहिरो, डढेलो को असरहरु बताउन लगाउने<br>• जोखिम न्यूनीकरणका उपायहरु बताऊ<br>• प्राथमिक उपचारका सामग्रीको सूची बनाउन लगाई प्रयोग विधि भन्न लगाउने | १४ |

## ६. शिक्षण सिकाइ सहजीकरण विधि र प्रक्रिया

यस स्थानीय विषयको पाठ्यक्रममा समावेश गरिएका विषयक्षेत्र तथा सिकाइ उपलब्धि सरल र सहज तरिकाबाट विद्यार्थीलाई सहजीकरण गर्न र सिकाइ उपलब्धि हासिल गराउन उपयुक्त सिकाइ वातावरण सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तुबीच सक्रिय सहभागिता गराई उनीहरुबीच अन्तरक्रिया गर्ने प्रक्रिया तथा विधि अवलम्बन गर्नुपर्छ। स्थानीय पाठ्यक्रमको विषयवस्तुलाई सिकाइ सहजीकरण प्रक्रिया अन्तर्गत विधार्थी केन्द्रित, सक्रिय सिकाइ, क्रमिक सिकाइ, परिवेश अनुसारको सान्दर्भिक सिकाइको साथै योजनाबद्द र सिकाइ उपलब्धि उन्मूख एवम् प्रतिफल केन्द्रित हुनुपर्दछ । सिकाइ सहजीकरण प्रक्रियामा विधार्थीहरुलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने, रुचि जगाउने तथा उत्साहित गराउने किसिमको हुनुपर्दछ । सिकाइ सहजीकरण प्रक्रियामा विद्यार्थीलाई सक्रिय बनाई सिकाइ क्रियाकलापमा संलग्न हुने र सो समयमा आवश्यक पृष्ठपोषण प्रदानगरी सिकाइ सहजीकरणलाई सुधार गर्नुपर्दछ । सिकाइ सहजीकरण प्रक्रिया सिकारु र सहजीकरणको विविधतालाई सम्मान गर्ने स्थान दिने र सबैलाई समावेश गर्ने समावेशी र समतामूलक सहभागिताको सिद्दान्तमा आधारित हुनुपर्दछ । समतामूलक सक्रिय सहभागिता र समावेशीताबाट नै सिकाइ सहजीकरणको प्रक्रियालाई अगाडि बढाउँदा अपेक्षित सिकाइ उपलब्धि सहज सरल तरिकाबाट हासिल हुन सक्दछ ।

विविधतायुक्त सिकाइ सहजीकरण विधिबाट शिक्षण सिकाइ क्रियाकलाप गर्दा सिकाइ उपलब्धि हासिल गर्न सहज हुन्छ । सिकाइ सहजीकरण विधि सधै एकनास र एउटै प्रक्रिया सबैतिर उपयुक्त नहुने भएकोले एउटै विषयवस्तु सिकाइ सहजीकरणका लागि विभिन्न विधि र प्रविधिलाई अपनाउनु पर्दछ । सिकाइ सहजीकरणको क्रममा शिक्षण विधिको छनोट गर्दा सकेसम्म विविधतायुक्त विधिहरुको छनोट गर्नुपर्दछ । शिक्षविधिको चयन गर्दा सिकारु\ विद्यार्थीको पूर्वज्ञान, क्षमता, चाहना, तहगत स्तर, रुचि, वैयक्तिक भिन्नता, विषयवस्तुको प्रकृति लगायत उपलब्ध हुनसक्ने विविध स्रोत साधन, शैक्षिक वातावरणको अवस्था, शिक्षकको रुचि, क्षमता, सक्रियता तथा विषयवस्तुप्रतिको दक्षता र तयारी आदिलाई मध्यनजर गर्नुपर्दछ ।

सिकाइ सहजीकरण प्रक्रियामा शिक्षकको भूमिका सहजकर्ताको रुपमा हुनुपर्छ । आधारभूत तह (कक्षा६-८) को यस पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुहरु क्रियाकलाप केन्द्रित तथा प्रयोगात्मक प्रकृतिका भएकोले यसको शिक्षण सिकाइ क्रियाकलाप आधुनिक तथा नवप्रवर्तनात्मक, परियोजना,क्षेत्र भ्रमण विधिमा आधारित हुनुपर्छ । विद्यार्थी केन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुनसक्ने, विषयवस्तुलाई दैनिक जीवनका घटनाक्रमलाई बालबालिकाले विभिन्न व्यवहारकुशल सीप तथा जिवनोपयोगी सीप आर्जन गर्न सक्ने र विद्यार्थीहरुमा रहेको प्रतिभालाई प्रस्फुटन गराउन सहज र सरल हुने भएकोले सिकाइ सहजीकरण क्रियाकलाप संचालन गर्दा बालमैत्री र विद्यार्थी केन्द्रित विधिलाई अनिवार्यरुपमा अपनाउनु पर्दछ । स्थानीय विषयको पाठ्यक्रममा विषयवस्तुहरु स्थानीय ज्ञान, सीप, परिवेश, सन्दर्भ रहेकोले सैद्दान्तिक भन्दा प्रयोगात्मक तथा व्यवहारिक प्रक्रियाबाट सिकाइ सहजीकरण गर्दा सिकाइ सरल र दिगो हुने गर्दछ । यस विषयको सिकाइ सहजीकरण गर्दा सम्भावित निम्न विधि र तरिकाहरु प्रयोग गर्न सकिन्छः-

- **शिक्षण विधिः-**

  क) प्रश्नोत्तर विधि
  ख) अवलोकन विधि
  ग) प्रयोगात्मक विधि
  घ) प्रदर्शन विधि
  ङ) समस्या समाधान विधि
  च) क्षेत्रभ्रमण विधि
  छ) छलफल विधि।

सिकाइ सहजीकरण प्रक्रियाको एउटा अङ्गको रुपमा विद्यार्थीको नियमित रुपमा विद्यार्थीलाई सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गरि विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरि न्यूनतम सिकाइस्तर प्रामिको सुनिश्चितता गर्ने पक्षलाई यस पाठ्यक्रमले जोड दिएको छ । यस प्रकारको मूल्याङ्कनले विद्यार्थीलाई न्यूनतम सिकाइस्तर प्रामिका साथै उनीहरुलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्नसहयोग गर्दछ । स्थानीय विषयमा राखिएका विषयवस्तु तथा सिकाइ उपलब्धि पूरा गराउनको लागि कक्षाकोठाको शिक्षण सिकाइ सहजीकरणको क्रममा गरिने लेखाजोखाको साथै विद्यार्थीहरुलाई आवश्यक्तानुसार सम्बन्धित क्षेत्रमा अवलोकन, क्षेत्र भ्रमण, परियोजना तथा प्रयोगात्मक कार्यमा समेत संलग्न गराई सोहीबमोजिम विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको यकिन र आवश्यक्तानुसार सहजीकरण गर्नुपर्ने हुन्छ । यस्तो मूल्याङ्कनलाई मूलतः सिकाइका लागि मूल्याङ्कन अर्थात् निर्माणात्मक मूल्याङ्कनका रुपमा प्रयोग गरिनुपर्दछ ।

सुधारका लागि पृष्ठपोषण प्रदान हो । यस्तो पृष्ठपोषण दिने कार्य दुई चरणमा गर्नुपर्दछ ।पहिलो चरण अन्तर्गत नियमित सिकाइ सहजीकरण पश्चात मूल्याङ्कन गर्ने र विद्यार्थीको सिकाइको अवस्थाको लेखाजोखा गर्ने र दोस्रो चरणमा सिकाइ उपलब्धि हासिल गरेको अवस्थाको आधारमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्ता लगाई सुधारात्मक सिकाइ क्रियाकलाप संचालन गर्नुको साथै पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ ।कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइस्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइस्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ । यसबाट विद्यार्थीहरुको कक्षा दोहोर्‍याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नुको साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सिर्जना हुने गर्दछ ।

**(क) मूल्याङ्कनका तरिका र साधन**

विद्यार्थीको मूल्याङ्कनलाई वैज्ञानिक तथा विश्वसनीय ढंगले व्यवस्थित गर्नको लागि मूल्याङ्कन गर्ने विभिन्न तौर-तरिका र विधिहरु हुन्छन् । मूल्याङ्कनलाई बैध र विश्वसनीय बनाउन विभिन्न परीक्षण र परीक्षणका साधनहरुको प्रयोग गर्नु पर्दछ । परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरुप, विद्यार्थीको उमेर, रुचि,स्तर, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थीको संख्या, कक्षाकोठाको व्यवस्थापन, शिक्षकको क्षमता तथा लगनशीलता जस्ता पक्षको ख्याल गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्दछ ।विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने तथा साधनहरुबाट प्राप्त सूचनालाई निश्चित स्वरुपमा अभिलेखीकरण गरिनु पर्दछ । कक्षा सहभागिता, कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, तथा विद्यार्थीका कार्य प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि यस पाठ्यक्रममा रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन अभिलेखीकरण फाराम बाट मूल्याङ्कन गर्नुपर्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरुका विविध विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसंचयिका तयार गरि विद्यार्थीको प्रगति के कति मात्रामा के कसरी भईरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमजोरी हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यको लागि यसबाट सहयोग पुग्दछ ।

सामान्यतया स्थानीय विषयको पठनपाठनको क्रममा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गर्नको लागि कक्षा सहभागिता, मौखिक कार्य, लिखित कार्य, परियोजना तथा प्रयोगात्मक कार्य,कार्य सम्पादन तथा प्रदर्शन, सहपाठी तथा स्वःमूल्याङ्कन, अभिभावक प्रतिक्रिया, कुराकानी तथा छलफल जस्ता तरिका अवलम्वन गर्न सकिन्छ । यसका लागि अवलोकन फाराम, रुजु सूची, श्रेणीमापन, रुब्रिक्स, मौखिक प्रश्न जस्ता मूल्याङ्कनका साधन प्रयोग गर्न सकिन्छ ।

**ख. विद्यार्थीको सिकाइ उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या**

| क्र.सं. | उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|---|
| १. | कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबै जसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| २. | सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रुपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| ३. | राम्रो ( Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल भएको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| ४. | उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

प्रथम चरणमा नियमित सिकाइ क्रियाकलापका रुपमा विद्यार्थीको सिकाइ उपलब्धिको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ। मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भए भएन भनि उलेल्खित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरु प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइ स्तर अभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइ स्तर १ वा २ मात्र भए सुधारात्मक सिकाइको योजना निर्माण गरी उपलब्धिस्तर ४ पुर्‍याउने प्रयास गर्नुपर्दछ ।उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुर्‍याउन सहयोग गर्नुपर्दछ ।यसरी पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्दछ ।

प्रमाण पत्र तथा ग्रेडसिटमा दुवै मूल्याङ्कनको नतिजालाई समावेश गरिनेछ । आन्तरिक मूल्याङ्कन र अन्तिम मूल्याङ्कन निम्नानुसार गर्नुपर्नेछ ।

**(क) आन्तरिक मूल्याङ्कन**

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रुपमा समावेश गरिने छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखीकरण गरी प्रत्येक विद्यार्थीको कार्यसंचयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिए अनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रुपमा समावेश गरिने छः-

| क्र.सं. | मूल्याङ्कनका पक्ष | अङ्क भार | कैफियत |
|---|---|---|---|
| १. | सहभागिता | ४ | सहभागिता अन्तर्गत दैनिक हाजिरी, कक्षा कार्य, प्रयोगात्मक कार्य, सक्रिय सहभागिता, समूह कार्य लगायतका पक्षहरु रहनेछन् । |
| २. | प्रयोगात्मक\ परियोजना कार्य | ३६ | कक्षागत रुपमा प्रयोगात्मक र परियोजना कार्य संचालनका लागि योजना निर्माण, संचालन, अभिलेखीकरण, प्रस्तुतीकरण र अन्तर्वार्ता लगायतका पक्षहरु समावेश गरी मूल्याङ्कन गर्नु पर्नेछ । |

| क्र.सं. | मूल्याङ्कनका पक्ष | अङ्क भार | कैफियत |
|---|---|---|---|
| ३. | त्रैमासिक परीक्षा | १० | पहिलो त्रैमासिकको लागि ५ अंकभार र अर्धवार्षिक परीक्षाको लागि ५ अंकभार हुनेछ।प्रत्येक परीक्षाको लागि ५० पूर्णाङ्कको परीक्षा लिई प्राप्ताङ्कलाई ५ मा परिणत गर्न सकिनेछ । |
| जम्मा | | ५० | |

**(ख) अन्तिम परीक्षा**

निर्णयात्मक मूल्याङ्कन अन्तर्गत अन्तिम परीक्षाको भार ५०% को हुनेछ । प्रत्येक परीक्षामा प्रश्न राख्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरुबाट समेटिएको हुनुपर्नेछ । यस विषयको परीक्षामा विशेषगरी ज्ञान, बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन् । पाठ्यक्रमले निर्धारण गरेका सक्षमता अनुरुप विद्यार्थीहरुले ज्ञान,सीप,अभिवृति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसैको आधारमा अन्तिम प्रमाणीकरण गरिनेछ।अन्तिम परीक्षाको प्रश्न पत्र स्थानीय विषयको विशिष्टीकरण तालिका अनुसार निर्माण गरी उपलब्धि\अन्तिम परीक्षा लिनुपर्नेछ।

## अनुसूची :१
## विषय\ क्षेत्र तथा पाठ्यभार निर्धारण

विषय :- हाम्रो लिम्चुङबुङ सेरोफेरो

साप्ताहिक पाठ्य घण्टा :- ४ कक्षा:- ६-८ वार्षिक कार्यघण्टा :- १२८

| क्र.सं. | क्षेत्र | कक्षा | पा.घ. | कक्षा | पा.घ. | कक्षा | पा.घ. |
|---|---|---|---|---|---|---|---|
| १ | लिम्चुङबुङ गाउँपालिकाको परिचय । | ६ | २२ | ७ | २२ | ८ | २२ |
| २ | तरकारी तथा फलफूल खेती | ६ | १८ | ७ | १८ | ८ | १८ |
| ३ | लिम्चुङबुङ गाउँपालिकाको भाषा, धर्म,कला,सस्कृति र परम्परागत रीतिरिवाज | ६ | २१ | ७ | २१ | ८ | २१ |
| ४ | पर्यटन र पुरातात्विक सम्पदाको परिचय | ६ | २१ | ७ | २१ | ८ | २१ |
| ५ | पशुपालन व्यवसाय | ६ | १६ | ७ | १६ | ८ | १६ |
| ६ | स्थानीय पेशा व्यवसाय तथा आर्थिक क्रियाकलाप | ६ | १६ | ७ | १६ | ८ | १६ |
| ७. | जोखिम व्यवस्थापन | ६ | १४ | ७ | १४ | ८ | १४ |
| जम्मा | | | १२८ | - | १२८ | - | १२८ |

## अनुसूची : २
## विशिस्टीकरण तालिका

कक्षा : ६-८

विषय : हाम्रो लिम्चुङबुङ सेरोफेरो

पुर्णाङ्क :५०
समय : २ घण्टा

### प्रश्न योजना तथा अंकभार वितरण

| एकाई | क्षेत्र/एकाइ | पाठ्य घण्टा | पुर्णाङ्क | ज्ञान | | | बोध | | | प्रयोग | | | उच्च दक्षता | | | जम्मा प्रश्न संख्या | | | जम्मा अंक भार | | | जम्मा अंक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | |
| १ | लिम्चुङ्बुङ गाउँ पालिकाको परिचय | | १० | १ | | | १ | १ | | | १ | | | | | २ | २ | १ | २ | ४ | ४ | १० |
| २ | तरकारी तथा फलफूल खेती | | ८ | १ | १ | | | १ | | १ | | | | १ | | २ | ३ | - | २ | 6 | | ८ |
| ३ | लिम्चुङ्बुङ गाउँपालिकाको भाषा, धर्म,कला,संस्कृति र परम्परागत रीतिरिवाज | | ८ | | १ | | १ | | | १ | | १ | | | | २ | १ | १ | २ | २ | ४ | ८ |
| ४ | पर्यटन र पुरातात्विक सम्पदा | | ९ | | १ | | | १ | | १ | | १ | | | | १ | २ | १ | १ | ४ | ४ | ९ |
| ५ | पशुपालन व्यवसाय | | ५ | १ | | | | | | | | | | | १ | १ | | १ | १ | | ४ | ५ |
| ६ | स्थानीय पेशा,व्यवसाय तथा आर्थिक क्रियाकलाप | | ५ | | | | | | १ | १ | | | | | | १ | १ | | १ | | ४ | ५ |
| ७ | जोखिम व्यवस्थापन | | ५ | १ | | | | १ | | | १ | | | | | १ | २ | | १ | ४ | | ५ |
| | | १२८ | ५० | | | | | | | | | | | | | | | | १० | २० | २० | ५० |